जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ९३ • २०८१ साल भाद्र ०४ गते मंगलबार (20 August, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सहकर्मीको हत्यापछि कडा कानूनको माग

एजेन्सी

नयाँदिल्ली। स्वास्थ्य सेवाकर्मीहरूलाई हिंसाबाट जोगाउन र सरकारी अस्पतालमा बलात्कार र हत्याको शिकार भएकी सहकर्मीलाई न्याय दिन कडा कानूनको माग गर्दै भारतमा चिकित्सकहरू विरोध प्रदर्शनमा उत्रेका छन्।

भारतका सयौं चिकित्सकहरुले सोमबार स्वास्थ्य मन्त्रालय अगाडि विरोध प्रदर्शनसमेत गरे ।

'न्यायमा ढिलाइ हुनु न्याय नपाउनु हो' जस्ता नारासहित प्रदर्शन गरिरहेका चिकित्सकहरूलाई नयाँ दिल्लीस्थित मन्त्रालय बाहिर निःशुल्क बहिरंग सेवा स्थापना गर्न खोज्दा प्रहरीले रोक लगाएको थियो ।

पश्चिम बंगालको कोलकातामा अगस्त ९ मा ३१ वर्षीया प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्यापछि भारतभरका चिकित्सकहरूले विरोध प्रदर्शन तथा 'क्यान्डल लाइट' मार्च गरेका छन् । उनीहरुले गैरआकस्मिक बिरामीहरूको हेरचाह गर्न अस्थायी रूपमा अस्वीकार गरेका छन् ।

सहकर्मीमाथि भएको आक्रमणले सम्पूर्ण भारतका अस्पताल र मेडिकल क्याम्पसहरूमा स्वास्थ्य सेवाकर्मीहरूको संवेदनशीलतालाई उजागर गरेको चिकित्सकहरू बताउँछन्।




उनीहरूले ड्युटीमा रहेका चिकित्सकहरूमाथि हुने कुनै पनि आक्रमणलाई जमानतको सम्भाव्यताविना अपराध बनाउने, अस्पतालमा सुरक्षा बढाउने र उनीहरूलाई आराम गर्न सुरक्षित स्थान बनाउनेलगायतका कडा कानुनको माग गरेका छन्।

प्रदर्शनकारी चिकित्सक डेजी सिंहले भनिन्, 'यदि एउटी महिला कार्यस्थलमा, अस्पतालमा सुरक्षित छैनन् भने मलाई आश्चर्य लागेको छ कि यो मुलुकमा कुन महिला सुरक्षित छन् ?'

सरकारले चिकित्सकहरूलाई काममा फर्किन आग्रह गर्दै उनीहरूको मागप्रति समिति गठन गर्ने बताइएको छ।

कोलकाताको आरजी मेडिकल कलेज एन्ड हस्पिटलमा प्रशिक्षार्थी चिकित्सकको बलात्कार र हत्याले महिलाविरुद्धको हिंसाको पुरानो मुद्दामा आक्रोशलाई बढाएको छ ।

अस्पतालमा कार्यरत एक प्रहरी स्वयंसेवकलाई पक्राउ गरी अपराधको आरोप लगाइएको छ, तर पीडितको परिवारले यो सामूहिक बलात्कार भएको र यसमा थप व्यक्ति संलग्न रहेको बताएको छ । संघीय अनुसन्धानकर्ताहरूले घटनाको अनुसन्धान गरिरहेका छन् ।

हजारौं मानिस विशेषगरी महिलाहरूले चिकित्सकलाई न्यायको माग गर्दै कोलकाताको सडकमा जुलुस निकालेका छन् । सन् २०१२ मा दिल्लीमा गुडिरहेको बसमा २३ वर्षीया छात्राको सामूहिक बलात्कार र हत्यापछि लागू गरिएको कडा कानूनहरूका बाबजुद भारतमा महिलाहरूले बढ्दो हिंसाको सामना गर्नुपरिरहेको उनीहरूले बताएका छन्।

सो आक्रमणले सांसदहरूलाई यस्ता अपराधका लागि कडा सजायको आदेश दिन र बलात्कारका मुद्दाहरूमा समर्पित फास्ट ट्र्याक अदालत स्थापना गर्न प्रेरित गरेको थियो । सरकारले बारम्बार अपराध गर्नेलाई मृत्युदण्डको पनि व्यवस्था गरेको छ।

कडा कानुन बने पनि भारतमा महिलाविरुद्ध यौन हिंसा व्यापक समस्या बनेको छ। राष्ट्रिय अपराध रेकर्ड ब्युरोका अनुसार सन् २०२२ मा प्रहरीले बलात्कारका ३१ हजार ५१६ रिपोर्ट रेकर्ड गरेको थियो।

### अध्ययनका लागि ऋणीको वृद्धि

# पढ्नका लागि विद्यार्थीको आकर्षण विदेशतर्फ

टुडे समाचारदाता

जनकपुरधाम । मधेशसहितको शैक्षिक अवस्था खस्किदैं गएको भन्दै अभिभावकहरु आफ्नो सन्ततिको शैक्षिक भविष्यका लागि विदेशतर्फको गन्तव्य रोज्न थालेका छन् ।

आफ्ना सन्ततिको शैक्षिक भविष्यका लागि अभिभावकहरुले मधेशसहित विभिन्न विश्वविद्यालयदेखि निजी कलेजलाई बेवास्ता गर्दै गुणस्तरीय शिक्षा र रोजगारीलाई समेत दृष्टिगत गर्दै विदेश रोज्न थालेका छन् । जसका लागि अभिभावकहरुले आफ्ना छोरा-छोरीको अध्ययनका लागि बैंकबाट ऋण लिएर विदेशमा अध्ययनका लागि पठाउने क्रम बढेको छ।

विशेषगरी नेपालबाट अभिभावकहरुले वैदेशिक अध्ययनका लागि सबैभन्दा धेरै विद्यार्थी जापान, क्यानडा, युके, अस्ट्रेलिया, अमेरिका, कोरिया, फ्रान्स, भारतलगायत देशमा पुगेका छन्।

जापानमा ३४ हजार ७३१, क्यानडामा १५ हजार ९८२, अस्ट्रेलियामा १४ हजार ३७२, अमेरिकामा ११ हजार २६१, डेनमार्कमा एक हजार ७५४, भारतमा दुई हजार ३८९ र कोरियामा ६ हजार ८८९ पुगेका छन्। एनओसी लिन प्रतिव्यक्ति दुई हजार शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ। त्यस्तै, युकेमा १३ हजार ३३९, युएईमा दुई हजार १४७, न्युजिल्यान्डमा एक हजार ४४६, फ्रान्समा एक हजार ४८९, फिनल्यान्डमा एक हजार ५३५ लगायत ६६ देशमा अध्ययनका लागि नेपाली विद्यार्थी पुगेका छन् ।




नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष ०८०/८१ मा अभिभावकले विद्यार्थीलाई पढ्नका लागि ५४ अर्ब ९६ करोड ३७ लाख रुपैयाँ लिएको जनाएको छ । तर सो ऋण नेपालमा लगानी नलगाएर विदेशतर्फ पठाउने गरेका छन्। सो रकम विद्यार्थीलाई विदेश पढ्न जाने प्रयोजनमा अभिभावकले खर्च गरिरहेका छन् ।

आर्थिक वर्ष ०७९/८० मा विद्यार्थीको नाममा ५५ अर्ब ८६ करोड ३ लाख रुपैयाँ ऋण लिएका थिए भने आर्थिक वर्ष ०७८/७९ मा ३१ अर्ब ४१ करोड ४७ लाख रुपैयाँ ऋण लिएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ ।

राष्ट्र बैंकका बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले वैदेशिक अध्ययनका लागि जाने विद्यार्थीले ऋण लिने क्रम बढेको जनाए ।

उनले कतिपय विदेशी सम्बन्धनका कलेजले भने यहाँ कर्जा लिएर सटही गरी प्रयोग पनि गर्ने गरेका छन् ।

नेपालमा शैक्षिक संस्थाहरूले लिएको ऋण उच्च देखिए पनि नेपालको शिक्षा क्षेत्र जहाँको त्यहीं रहेको छ। राष्ट्र बैंकले जनाए अनुसार शैक्षिक संस्था तथा विद्यार्थीले लिएको ऋण कसरी लगानी भइरहेको छ भन्न सक्ने अवस्था छैन।

राष्ट्र बैंकका सूचना अधिकारी डा. पोखरेलले विद्यार्थीले लिएको ऋणको खासै प्रभावकारिता नदेखिएको बताए।


पछिल्लो एक वर्षको अवधिमा विदेश अध्ययनमा जाने विद्यार्थीबाट १ खर्ब २५ अर्ब १३ करोड रुपैयाँ बाहिरिएको राष्ट्र बैंकको तथ्यांकले जनाएको छ। सो तथ्यांकका अनुसार ०८० साउनदेखि ०८१ असार मसान्तसम्ममा सो परिमाणको रकम बाहिरिएको छ। अघिल्लो वर्ष ०७९/८० मा एक खर्ब ४२ करोड रकम बाहिरिएको थियो। तर अघिल्लो वर्षको भन्दा ०८/८१ मा २४ अर्ब ८१ करोड रुपैयाँबढी रकम बाहिरिएको छ।

वैदेशिक अध्ययनमा गएका प्रतिविद्यार्थी औसत १३ लाख रुपैयाँ खर्च हुने गरेको छ। पछिल्लो आर्थिक वर्षमा विदेश गएका मध्ये २८ हजार ८९१ विद्यार्थी व्यवस्थापन विषय अध्ययनका लागि गएका छन्। त्यस्तै, जापनिज भाषामा ३३ हजार ६९७, बिजनेस विषयमा १० हजार दुई, सूचना प्रविधिमा ५ हजार ९११, विज्ञानमा ५ हजार ३८४, कम्प्युटर साइन्समा ४ हजार ९९२, इन्जिनियरिङमा ४ हजार ४२६, स्वास्थ्य विषयमा ४ हजार १५९ र विज्ञान प्रविधि विषय अध्ययनका लागि ४ हजार १०२ नेपाली विदेशिएको तथ्यांक छ। त्यस्तै, हस्पिटालिटीमा २ हजार ५४३, मानविकीमा १ हजार ८१३, शिक्षाशास्त्रमा ४३६, कृषि विज्ञानमा ३९२ विद्यार्थी बाहिरिएका छन् ।

अधिकांश विद्यार्थीले विदेश जाँदा ऋण लिएर जाने गरेको देखिन्छ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite




डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भांडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।

कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।

घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।

कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठांउहरु र पानी राख्ने भाडांहरु खोजी खोजी सफा गरौ र लामखुट्टेको फुल नष्ट गरौ ।

सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

# मिथिलाक्षेत्रका शिवालयमा साउने मेला समापन हुँदै

महोत्तरी । शिव आराधना र भक्तिको साउने मेला सोमबार सम्पन्न भएको छ । साउनको अन्तिम सोमबारको अवसरमा आज महोत्तरीसहितका मधेशका मिथिलाक्षेत्रका शिवालय श्रद्धालु भक्तजनले भरिभराउ छन् । सौरमास गणनाले गत शुक्रबार साउन सकिए पनि चन्द्रमास गणनाले आज साउन पूर्णिमा भएको हुँदा आज साउने मेला समापन गरिन्छ ।



चन्द्रमास गणनामा साउनको अन्तिम सोमबारका अवसरमा सोमबार महोत्तरीको सुदूर उत्तरीक्षेत्रको चुरेस्थित टुटेश्वरनाथ मन्दिरमा दर्शनार्थी भरिभराउ छन् । जयशम्भो र बोलबमको पुकाराले शिवालय परिसर गुञ्जदो छ । जलेश्वरस्थित जलेश्वरनाथ महादेव मन्दिर, मगरथानास्थित मङ्गलनाथ, भङ्गाहा-५ सिद्धपुरस्थित सिद्धनाथ र बर्दिवास-३ चुरेकै राइमण्डलधामस्थित इन्द्रेश्वर महादेव मन्दिरमा भक्तजन शिवको पूजा आराधना गरेर साउने व्रतको समापन गर्दैछन् । महोत्तरीका यी शिवालय अनादी कालदेखिका मानिन्छन् ।

महोत्तरीका जलेश्वरनाथ शिवलिङ्ग शिव आफैँले स्थापना गर्नुभएको मिथिला माहात्म्यमा वर्णित छ । यसैगरी टुटेश्वरनाथ, मङ्गलनाथ, सिद्धनाथ र इन्द्रेश्वर शिवलिङ्ग हजारौँ वर्ष पहिले स्थापित मानिन्छन् । राइमण्डलधामस्थित इन्द्रेश्वर शिवलिङ्ग स्वर्गका राजा इन्द्रले स्थापित गरी दानवसँगको युद्धमा विजयको अभिलाषा राखेर तपस्या गरेको ठाउँ भएको जनविश्वास छ ।

पूर्वपश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर वनक्षेत्र छिचोलेर पुगिने बर्दिवास नगरपालिका-५ को टुटेश्वरनाथ मन्दिर महाभारतकालीन रहेको यस क्षेत्रका संस्कृतिविद् बताउँछन् । चुरे शृङ्खलाको पहाडी थुम्कोमा अवस्थित हुँदा अचेल यसलाई मधेसको कैलाश पनि भन्ने गरिएको छ । यस्तै 'बाबाधाम' पनि भनिने टुटेश्वरधाममा यसपाली साउन महिनाभरिमा पाँच लाख बढी श्रद्धालुले दर्शन र पूजा आराधना गरेको टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष हितबहादुर पौडेल बताउनुहुन्छ ।

टुटेश्वरधाममा मधेसका जिल्लाका अतिरिक्त भारतको बिहार प्रान्तका विभिन्न ठाउँबाट श्रद्धालु आउने गरेका छन् । माण्डवीगङ्गा (मडाहा) नदी किनारमै चुरे पहाडी शृङ्खलाको एउटा थुम्कोमा अवस्थित टुटेश्वर मन्दिर वरीपरी सोमबार हजारौँ भक्तजनको घुइँचो छ ।

यसपालि सौरमास र चन्द्रमास दुवै गणनामा साउन सात (७) गते पहिलो सोमबार परेको थियो । त्यसैगरी साउन १४ गते दोस्रो, साउन २१ तेस्रो र साउन २८ गते चौथो सोमबार परेको थियो । त्यसयता सौरमास गणनामा सोमबार नपरे पनि चन्द्रमास गणनामा आज अन्तिम सोमबार परेको हो । सौरमास र चन्द्रमास गणनाभित्र परेका चारका अतिरिक्त चन्द्रमासअनुसार आजसहित यसपाली पाँच सोमबार परेका छन् । हिन्दू मैथिल परम्परामा साउन शिवभक्तिको महिना र त्यसभित्रको सोमबार खास मानिने चलन छ ।

टुटेश्वरनाथ अनादिकालको शिवलिङ्ग मानिन्छ । विसं २००२ मा वन फडानी गरेर बस्ती बसाउने क्रममा यहाँ फेला परेका शिवलिङ्ग, बसाहा र अन्य धातुका सामानको अध्ययनले यो महाभारतकालीन हुनसक्ने संस्कृतिविद्को भनाइ छ । यद्यपि टुटेश्वरनाथसँग जोडेर अहिले रामायणकालीन जनश्रुति सुनिन्छन् । मिथिला माहात्म्यमा वर्णित माण्डवीगङ्गा, वरुणवती र स्वर्णमती नदीका माझमा टुटेश्वर मन्दिर अवस्थित रहेको र माण्डवीगङ्गा राजा जनकका भाइ कुशध्वजकी छोरी भएकी हुँदा यसलाई रामायणकालसँग जोड्न सकिने टुटेश्वर बस्तीका बासिन्दा मिथिला संस्कृतिका अध्येता ७५ वर्षीय मोतीलाल गौतम बताउनुहुन्छ । द्वापर युगमा अर्जुनले यसै ठाउँमा शिवको तपस्या गरेर पाशुपतास्त्र प्राप्त गरी दिव्यास्त्रका लागि स्वर्ग गएका कथा बाक्लै सुनिने गरिएको गौतमले बताउनुभयो ।

हिन्दू परम्परामा साउनको सोमबारका दिन शिवलिङ्गमा जलफूल चढाएर व्रत उपवास बसे पुण्य प्राप्त हुने जनविश्वास छ । शिवालयमा हुने भक्तको जमघटलाई पर्यटन प्रवर्द्धनमा जोड्ने काम नभएको जिल्लाका वुद्धिजीवीले टिप्पणी गरेका छन् । यद्यपि यसपालि चालु आर्थिक वर्ष २०८१/८२ मा केन्द्र र मधेस प्रदेश सरकारले टुटेश्वरनाथको विकासका लागि रु एक करोड बढी बजेट विनियोजन गरेका छन् ।रासस

# 'गाईजात्रा'मा दर्शक हँसाउदै हाँस्य कलाकार



काठमाण्डु । हाँस्य-व्यङ्ग्यको पर्व 'गाईजात्रा' लाई लक्षित गर्दै यससम्बन्धी सामग्री बजारमा आउने क्रम सुरु भएको छ । काठमाडौँ कमलादीस्थित प्रज्ञाप्रतिष्ठान र जमलस्थित नाचघरमा दुई समूहले दर्शकलाई मनोरञ्जन दिईरहेका छन् ।

पुरानासँगै नयाँ पुस्ताका कलाकारले भरिएको कार्यक्रम भदौ १० गतेसम्म चल्ने जनाइएको छ । गाईजात्रामा विद्यमान राजनीतिक, सामाजिक तथा आर्थिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरेर कलाकारले आफ्नो प्रस्तुती दिने गरेका छन् ।

विसं २०६१ देखि हरेक वर्ष गाईजात्राको प्रस्तुति दर्शकसामू पस्किरहनुभएका 'जोगिन्दर' उपनामले परिचित हाँस्य कलाकार शिवशङ्कर रिजालले आफ्ना लागि पर्व सुरु भएको बताउनुभयो । उहाँले भन्नुभयो, "मैले कलाकारिता गरेदेखि गाईजात्रामा सहभागिता जनाउनुका साथै यससम्बन्धी प्रस्तुति ल्याइरहेको छु । वर्षभर भएका विकृतिलाई व्यङ्ग्य गर्नु र सचेत गराउनु हाम्रो कर्म र धर्म दुवै हो ।" यसपटक उहाँले नाचघरमा आफ्नो प्रस्तुति दिइरहनुभएको छ । उहाँसँगै सीताराम कट्टेल, कुञ्जना घिमिरे, सुरेन्द्र केसी, राजा राजेन्द्र लगायतका कलाकारको समूहले दर्शकलाई मनोरञ्जन दिइरहनुभएको छ ।

कलाकार दीपकराज गिरी चलचित्र निर्माणमा आबद्ध हुनुभएदेखि गाईजात्राका प्रहसनमा सहभागी हुनुभएको छैन । उहाँसहित केदार घिमिरे, जीतु नेपाल यसपटक कुनै समूहसँग जोडिनुभएको छैन । राजनीतिक घटनाक्रम, सामाजिक विकृति विसङ्गतिदेखि, फेसन र ग्ल्यामरसम्मका विकृतिलाई व्यङ्ग्य गर्ने पर्वमा यसपटक हाँस्य कलाकार किरण केसीले पनि प्रस्तुति ल्याउनुभएको छैन । उहाँ केही समय अगाडि 'मह जात्रा' मा सहभागी हुनुभयो । यसपटक तिहारको समयमा आफूसहित मह सञ्चारको प्रस्तुतिको तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो । "अहिले दुई समूहले दर्शकलाई मनोरञ्जन दिनुभएको छ । मसहित मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य लगायतले कार्यक्रम गरेनौँ । हामीले आफ्नो प्रसहनलाई मह जात्रामार्फत दर्शकसम्म लग्नेछौँ", उहाँले भन्नुभयो । विसं २०६० ताका अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रज्ञाप्रतिष्ठानमा एकै समयमा प्रहसन गरेको पनि उहाँलाइ स्मरण छ । "उक्त समयमा एउटा कार्यक्रम सक्ने बितिकै अर्को पुग्ने गर्थे । हामीलाई दर्शकले प्रत्यक्ष हेरेर लिने मनोरञ्जन अनि हामीले उहाँहरुको हाँसो देखेर पाउने सन्तुष्टीलाई शब्दमा व्यक्त गर्न सक्दिन । अहिले नयाँ पुस्ताले यसलाई अगाडि बढाउनुभएको छ", हाँस्य कलाकार केसीले भन्नुभयो ।

विशेष गरी नेवार समुदायले मनाउने गाईजात्रा पर्वले परम्परागत, धार्मिक र सांस्कृतिक विशेषता बोकेको छ । गाईजात्रामा वर्षभरिको शोक र दुःख भुलाउन हाँस्य व्यङ्ग्यका प्रस्तुत गर्ने परम्परा छ । यसवर्ष भदौ ४ गते गाईजात्रा पर्व परेको छ ।रासस

# सातौँ विश्व संस्कृत दिवस मनाइँदै

काठमाण्डु । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने विश्व संस्कृत दिवस सोमबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । जरो किलो प्रतिष्ठान नेपालको आह्वानमा विसं २०७५ देखि विश्व संस्कृत दिवस मनाउन थालिएको हो ।




प्रत्येक वर्ष तिथिअनुसार श्रावणी पूर्णिमा (ऋषितर्पणी) को दिनमा मनाइने विश्व संस्कृत दिवसको सातौँ संस्करण नेपालसहित विश्वका विभिन्न देशमा विविध कार्यक्रमको आयोजना गरी आज मनाउन लागिएको विश्व संस्कृत दिवस कार्यपरिषद् (आयोजक समिति) का संयोजक प्रा डा माधवप्रसाद पाण्डेयले राससलाई जानकारी दिनुभयो । सातौँ संस्करणहन्तर्गतको मूल समारोह समुद्र मन विद्या प्रतिष्ठानको सभाकक्ष, गहनापोखरी, काठमाडौँमा आयोजना गरिएको उहाँले बताउनुभयो ।

संस्कृत भाषामा निहित ज्ञानसम्पदाबारे विश्व समुदायको ध्यानाकर्षण गरी यसको विकासका लागि वैश्विक सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले विश्व संस्कृत दिवस मनाइँदै आइएको सङ्कल्पकर्ता डा निर्मलमणि अधिकारीले बताउनुभयो । प्राचीनकालमा शैक्षिक सत्रको प्रारम्भ श्रावण शुक्ल पूर्णिमाका दिनदेखि सुरु गरिने हुनाले यस दिनलाई दिवसका रुपमा मनाउन थालिएको भन्दै यो दिवसलाई आधिकारिकता प्रदान गर्न संयुक्त राष्ट्रसङ्घसमक्ष प्रस्ताव लैजाने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

यहाँ आयोजित दिवसमा जरो किलो प्रतिष्ठान नेपाल, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, काठमाडौँ विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभाग, त्रिभुवन विश्वविद्यालयको संस्कृत केन्द्रीय विभाग, जयतु संस्कृतम्, हिमवत् आर्ष प्रज्ञा, सनातन धर्म महासङ्घ नेपाल, सहृदयता समाजलगायत संस्थाले सहकार्य गरेका आयोजक समितिका संयोजक पाण्डेयले बताउनुभयो ।

यसैगरी, विश्व संस्कृत दिवसका लागि अन्तर्राष्ट्रिय तहमा सहृदयता इन्टरनेसनल, इन्टरनेसनल फेडेरेसन अफ सनातन धर्म, नेपाली हिन्दू फोरम युके, सनातन धर्म अष्ट्रेलिया, विश्व भूटानी हिन्दू सङ्गठन, ग्लोबल सोसाइटी फर पिस एन्ड स्पिरिचुअल साइन्सलगायत संस्थाले सहकार्य गरेका छन् ।

**मुकुन्दशरण उपाध्यायलाई संस्कृत सम्मान प्रदान गरिने**

विश्व संस्कृत दिवसका अवसरमा प्रत्येक वर्ष प्रदान गरिने विशेष संस्कृत सम्मानबाट यस वर्ष भाषाविद् प्रा मुकुन्दशरण उपाध्यायलाई सम्मान गरिँदैछ । प्रा उपाध्यायले संस्कृत एवं नेपाली भाषाको श्रीवृद्धिका साथै सनातन धर्म संस्कृतिको प्रवर्द्धनका लागि दशकौँदेखि गर्नुभएको विशिष्ट योगदानस्वरुप उहाँलाई विशेष सम्मान गर्न लागिएको हो । यसअघि आचार्य पूर्णचन्द्र उपाध्याय ढुङ्गेल र प्रा डा दीर्घराज घिमिरेलाई उक्त सम्मानबाट सम्मानित गरिएको थियो । साथै एक लाख नगदराशिको आरुणी संस्कृत शोधवृत्ति (रिसर्च फेलोशिप) उपप्राध्यापक गोविन्द घिमिरे (आकाश नीलम) र उपप्राध्यापक रोहिणीराज तिमिल्सिनालाई प्रदान गरिएको थियो ।

काठमाडौँमा सोमबार आयोजना गरिएको मूल समारोहका प्रमुख अतिथि प्रा डा पुरुषोत्तमाचार्य हुनुहुन्छ । नेपालमा जन्मेर हाल भारतको राजस्थान संस्कृत विश्वविद्यालयका प्राध्यापक रहनुभएका प्रा डा पुरुषोत्तमाचार्य संस्कृतका विद्वान एवं प्रतिष्ठित आध्यात्मिक गुरु हुनुहुन्छ । विश्व संस्कृत दिवसका अवसरमा नेपालका सातै प्रदेशमा विभिन्न गुरुकुल तथा अन्य संस्थाको आयोजनामा विविध कार्यक्रम गरिने आयोजक समितिका संयोजक प्रा डा पाण्डेयले जानकारी दिनुभयो ।रासस

## श्रावण शुक्ल पूर्णिमाः

# मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

काठमाण्डु । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवम् जनै पूर्णिमा पर्व सोमबार स्नान गरी नयाँ यज्ञोपवीत (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ ।



श्रावण महिनामा गरिने स्नान भएकाले यो पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, बिचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताउनुभयो । मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन् । स्नानपछि जौ तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ ।

सोमबारको दिन सप्तऋषिहरु काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले सोमबारको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । सोमबार मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ ।वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रुपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रुपमा पूजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रुपमा लिइन्छ ।

सोमबारका दिन ११ थरिका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने चलन छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने मान्यता छ ।नेपालको तराईक्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाईलाई राखी बाँधेर मनाइएको छ । यसबाट दिदीबहिनी र दाजुभाईकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । राखी बाँध्ने परम्परा अहिले काठमाडौँ उपत्यका र पहाडी जिल्लामा पनि सुरु भएको छ ।

यस अवसरमा सोमबार काठमाडौँको पशुपति, गोकर्णेश्वर, डोलेश्वर,सन्तानेश्वरलगायतशिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवम् नवलपरासीको त्रिवेणीधाम लगायतका ताल, पोखरी र कुण्डहरुमा मेला लागेको छ ।

**मनाइयो गुन्हु पुन्ही**

नेवारी समुदायले भने श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्ही भनी मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । सोमबारका दिन नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गरेका छन् ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्माबलम्वीले भने आजको दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनामा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललितविस्तरमा यससम्बन्धी विस्तृतरुपमा व्याख्या गरिएको छ । यसैकारण आज स्वयम्भूमा पनि विशेष मेला लाग्ने गरेको छ ।रासस


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पर्साको वीरगञ्ज महानगरपालिका-२० हरपतगन्जमा रहेको बाँस र माटाले निर्माण गरिएको भकारी। महानगरको ग्रामीण भेगमा मात्रै यस्तो खालको परम्परागत भकारी रहेका छन्। विशेषगरी यी भकारीमा अन्नबाली राख्ने गरिन्छ। *तस्बिरः रासस*

# मङ्कीपक्स सङ्क्रमणको जोखिममा नेपाल

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मङ्कीपक्स सङ्क्रमणको जोखिममा नेपाल रहेको जनाएको छ।

मङ्कीपक्स भाइरसको सङ्क्रमण छिमेकी देश भारतमा द्रुत रुपमा फैलिरहेकाले जोखिम रहेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । "नेपालमा अघिल्लो वर्ष एक जना विदेशी ६० वर्षीया महिलामा मङ्कीपक्स सङ्क्रमण देखिएकाले पनि नेपाल मङ्कीपक्स सङ्क्रमणको जोखिम नरहेको भन्न सकिदैन", उहाँले भन्नुभयो।

उहाँले मङ्कीपक्सको पूर्वतयारीबारे मन्त्रालयले विषय विज्ञसँग सुझाव लिइसकेको बताउनभयो । मन्त्रालयले हवाई तथा सीमा नाकामा रहेका हेल्थ डेस्क तथा सरुवा रोगको निगरानी गर्न सङ्घ, प्रदेश र स्थानीय तहलाई निर्देशन दिइसकेको प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो।

उहाँका अनुसार मन्त्रालयले सातवटै प्रदेशमा रोगको रोकथाम र व्यवस्थापनका लागि अस्पताल र चिकित्सक तोकेको छ। केही दिनयता अफ्रिकी मुलुक कङ्गोमा मङ्कीपक्स भाइरसका



घातक प्रजाति 'क्लेड १ वी' फैलिरहेको छ । मन्त्रालयका अनुसार जनवरी यतामात्र उक्त भाइरसका कारण पाँच सय ४८ जनाको मृत्यु भइसकेको छ। विश्व स्वास्थ्य सङ्गठनले पनि मङ्कीपक्स सङ्क्रमण बढिरहेकाले विश्वव्यापी जनस्वास्थ्य आपतकालिन् घोषणा गरेको छ।

**सर्ने तरिका**

मङ्कीपक्स सङ्क्रमित भएको व्यक्ति वा सङ्क्रमित पशुसँगको सम्पर्कमा आउँदा, मानिसको घाउ, खटिरा, बिमिराको सम्पर्कबाट, शरीरमा निस्किएको तरल पदार्थ थुक, र्‍यालको सम्पर्कबाट, सङ्क्रमित बाँदर, मुसा लोखर्केलगायत जनावरबाट र भाइरस रहेको ओछ्यान र लुगाबाट सर्दछ।

**लक्षण**

मङ्कीपक्स सङ्क्रमण भएमा ज्वरो आउने, सामान्यतया ज्वरो आएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतलामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेशी दुख्ने र शरीरका ग्रन्थीहरु बढ्ने गर्दछन् । आँखामा सङ्क्रमण भई दृष्टि गुम्ने, निमोनिया, मस्तिष्क ज्वरो, गर्भ खेर जाने र मृत्यु हुन सक्दछ।

मन्त्रालयको पूर्वतयारी प्रतिकार्य र व्यवस्थापन भएता पनि नागरिकबाट जनस्वास्थ्यका मापदण्ड पालना भए मात्र मङ्कीपक्स सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न सम्भव हुने जनाइएको छ ।रासस

# भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको तयारी

काठमाण्डु । सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ।

निर्माण सम्पन्न भएर लामो समयदेखि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका ती दुई विमानस्थल सञ्चालनका लागि सरकारले विभिन्न सेवामा एयरलाइन्सलाई सहुलियतलगायतका आकर्षक प्याकेज ल्याउने भएको हो । गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले नागरिक उड्डयन क्षेत्रको समग्र सुधारसम्बन्धी कार्ययोजना स्वीकृत गरेको थियो । बैठकले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजनासमेत स्वीकृत गरेको इन्धनमा आगामी २०८३ साल भदौसम्म सहुलियत दिने कार्य योजना बनाएको छ।

सरकारले पर्यटन बोर्डले प्रतिटिकट लिने शुल्क पनि उक्त समयभर दुई विमानस्थलको हकमा नलिने गरी सहुलियत दिने र हवाई टिकटमा लगाइएको भ्याट पनि विसं २०८३ भदौसम्म नलिने जनाएको छ ।उद्योग वाणिज्य मन्त्रालयसँगको समन्वयमा काठमाडौँको विमानस्थलमा उपलब्ध हुने इन्धनको मूल्यभन्दा भैरहवामा सस्तोमा लिनेगरी कार्य योजना बनाइएको छ । अध्यागमन कार्यालय सञ्चालन, भिसा सेन्टरका लागि श्रम र परराष्ट्र मन्त्रालयले व्यवस्थापन गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ।

गत साउन १८ गते प्रधानमन्त्री ओलीले बेहोर्नु परेको तथा काठमाडौँ विमानस्थलको क्षमताभन्दा बढी उडान र यात्रु व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेकाले यसलाई गम्भीर रुपमा लिन प्रधानमन्त्री ओलीले आग्रह गर्नुभएको थियो।

यसैबीच, आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग वायु सेवा सञ्चालकहरुले भेट गरी हवाई क्षेत्रका समस्याबारे छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले हवाई क्षेत्रको सुधारका साथै यस क्षेत्रमा देखिएका समस्या र समाधानका उपायबारे विमान सञ्चालकसँग परामर्श गर्नुभयो ।प्रधानमन्त्री ओलीले हवाई सुरक्षा अभिवृद्धिमा ध्यान दिन वायुसेवा सञ्चालकलाई निर्देशन दिनुभएको थियो । यस क्षेत्रमा देखिएका



हो।

दुवै अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने सरकारको नीतिअनुरुप विमानस्थल सञ्चालनलाई सहजीकरण गर्न नेपाल आयल निगमले उक्त विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय हवाई उडानमा प्रयोग हुने हवाई इन्धनको मूल्यमा छुट दिने निर्णय गरेको छ । निगमको सञ्चालक समितिको गत साउन ३१ गतेको बैठकले यही भदौ १ गतेदेखि लागू हुनेगरी हाल कायम रहेको हवाई इन्धनको बिक्री मूल्यमा प्रतिकिलोलिटर अमेरिकी डलर एक सय अर्को निणय नभएसम्मका लागि मूल्यमा कम गर्ने निर्णय गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न हवाई इन्धनदेखि टिकट सहुलियत दिने सरकारको योजना छ। गत साउन ३१ गते प्रधानमन्त्रीको नेतृत्वमा सम्बन्धित मन्त्रालयका मन्त्री र पदाधिकारीसहित बैठक बसेको थियो।

उक्त बैठकले दुईवटै विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे अध्ययन गर्न बनेको कार्यदलले दिएका सुझावका आधारमा सहुलियत दिनेबारे छलफल गरेको जनाइएको छ ।संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन हवाई टिकट, ग्राउन्ड ह्यान्डलिङ, हवाई

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तरर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गर्नुभएको थियो । उक्त छलफलमा प्रधानमन्त्रीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान चाप तथा यात्रु व्यवस्थापनलाई ध्यान दिई दुवै अन्तर्राष्ट्रिय विमानस्थल

> प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले हवाई क्षेत्रको सुधारका साथै यस क्षेत्रमा देखिएका समस्या र समाधानका उपायबारे विमान सञ्चालकसँग परामर्श गर्नुभयो ।

पूर्ण क्षमतामा सञ्चालनका विकल्प र उपायबारे छलफल गर्नुभएको थियो । उहाँले दुई विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनको वातावरण निर्माण गर्न निर्देशन दिनुभएको थियो ।निर्माण भएको लामो समयसम्म दुई अन्तरर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा

समस्या समाधानका उपाय सुझाउन सञ्चालकलाई आग्रह गर्नुभएको थियो । उहाँले हवाई टिकटमा 'डलर फेयर'बारे चासो राख्नुभएको थियो।

युरोपेली सङ्घ (इयू) ले नेपालको हवाई उडानलाई 'सेफ्टी' सूचीमा लगाएको प्रतिबन्ध हटाउन पहल गर्न पनि प्रधानमन्त्रीले सञ्चालकलाई आग्रह गर्नुभएको थियो ।नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले थाई एयर एसियालाई थाइल्यान्डबाट नेपाल उडान गर्न अनुमति दिएको छ। क्यानले थाई एयर एसियालाई सातामा चार उडान भैरहवाबाट र तीन उडान काठमाडौँबाट गर्ने स्वीकृति दिएको हो । उक्त एयरलाइन्सले आगामी असोज ४ गतेदेखि उडान गर्नेगरी अनुमति लिएको जनाइएको छ।

कुवेतको जाजिरा एयरले पनि आगामी असोज ९ गतेदेखि गौतमबुद्ध विमानस्थलमा पुनः उडान गर्नेगरी क्यानसमक्ष कागजात पेस गरेको विमानस्थलले जनाएको छ । उक्त एयरलाइन्सले सातामा तीन उडान गर्नेगरी अनुमति मागेको छ। एयरलाइन्सले विगतमा १० महिना उडान गरेर उडान स्थगित गरेको थियो।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको थियो भने त्यसको छ महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन गरिएको थियो। भैरहवामा केही समय अन्तर्राष्ट्रिय उडान भए पनि पोखरा विमानस्थलमा चार्टर उडानबाहेक व्यावसायिक अन्तरर्राष्ट्रिय उडान भएको छैन ।रासस

# पछिल्लो २४ घण्टामा आठले ज्यान गुमाएसँगै एक सय ९० जनाको मृत्यु



काठमाण्डु । भारी वर्षाका कारण आएको बाढी, पहिरो डुवानलगायत मनसुनी विपद्मा परेर सोमबारसम्म एक सय ९० जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा मात्रै आठ जनाले ज्यान गुमाएसँगै गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा आजसम्म एक सय ९० जनाको मृत्यभएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।

प्राप्त विवरणअनुसार काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेश प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ जनाको ज्यान गएको छ। प्रवक्ता कार्कीकानुसार काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेश प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ जना गरी दुई सय ३८ जना विभिन्न विपद्मा परी घाइते भएका छन्।


सोही अवधिमा एक सय १४ जनाको उद्धार गरिएको छ। बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेश प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता रहेका प्रहरीले जनाएको छ।

बाढीका कारण सोमबारसम्म तीन सय ८४ घर डुवानमा परेका, तीन सय २७ घर, एक सय १२ गोठ, ५१ पुल, चार विद्यालय दुई सरकारी कार्यालयमा क्षति भएको छ । यस्तै, चार हजार आठ सय १९ परिवार विपद्का घटनाबाट विस्थापित भएका प्रहरीले सोमबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।रासस

# हास्य-व्यङ्ग्य पर्व 'गाईजात्रा'

काठमाण्डु । हास्य-व्यङ्ग्य पर्व 'गाईजात्रा'लाई लक्षित गर्दै यससम्बन्धी सामग्री बजारमा आउने क्रमसँगै प्रहसन पनि सुरु भएको छ । काठमाडौँमा कमलादीमा रहेको प्रज्ञा-प्रतिष्ठान र जमलमा रहेको नाचघरमा दुई समूहले दर्शकलाई मनोरञ्जन दिइरहेका छन्। पुरानासँगै नयाँ पुस्ताका कलाकारले भरिएको कार्यक्रम यही भदौ १० गतेसम्म चल्नेछ।

गाईजात्रा पर्वको परम्परा र





संस्कृतिसँगै प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्तिपछि विद्यमान राजनीतिक, सामाजिक, आर्थिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरेर कलाकारले आफ्नो प्रस्तुति दिने गरेका छन् । विसं २०६१ देखि हरेक वर्ष गाईजात्राको प्रस्तुति दर्शकसामु पस्किरहनुभएका 'जोगिन्दर' उपनामले परिचित हास्य कलाकार शिवशङ्कर रिजालले आफ्ना लागि पर्व सुरु भएको बताउनुभयो । उहाँले भन्नुभयो, "मैले कलाकारिता गरेदेखि नै गाईजात्रामा सहभागिता जनाउनाका साथै यससम्बन्धी प्रस्तुति ल्याइरहेको छु, वर्षभर भएका विकृतिलाई व्यङ्ग्य गर्नु र सचेत गराउनु हाम्रो कर्म र धर्म दुवै हो।"

यसपटक उहाँले नाचघरमा आफ्नो प्रस्तुति दिइरहनुभएको छ । उहाँसँगै सीताराम कट्टेल, कुञ्जना घिमिरे, सुरेन्द्र केसी, राजा राजेन्द्रलगायत कलाकारको समूहले दर्शकलाई मनोरञ्जन दिइरहनुभएको छ। कलाकार दीपकराज गिरी चलचित्र निर्माणमा आबद्ध भएदेखि टेलिशृृ ला र गाईजात्राका प्रहसनमा सहभागी हुनुहुन्न् । उहाँसहित केदार घिमिरे, जीतु नेपाल यसपटक कुनै समूहसँग जोडिनुभएको छैन । राजनीतिक घटनाक्रम, सामाजिक विकृति-विसङ्गतिदेखि, फेसन र ग्ल्यामरसम्मका विकृतिलाई व्यङ्ग्य गर्ने पर्वमा यसपटक हास्य कलाकार किरण केसीले पनि कुनै प्रस्तुति ल्याउनुभएको छैन।

यद्यपि उहाँ केही समय अगाडि मात्र 'मह जात्रा' मा सहभागी भएर प्रवासी नेपालीलाई हसाउनुभयो । यसपटक तिहारको समयमा आफूसहित मह सञ्चारको प्रस्तुतिको तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो । "अहिले दुई समूहले दर्शकलाई मनोरञ्जन दिनुभएको छ, मसहित मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यलगायतले अहिले कार्यक्रम गरेनौँ, यद्यपि हामीले आफ्नो प्रसहनलाई मह जात्रामार्फत दर्शकसम्म लग्नेछौँ", उहाँले भन्नुभयो।

विसं २०६० ताका आफूले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रज्ञा-प्रतिष्ठानमा एकै समयमा प्रहसन गरेको पनि उहाँलाइ स्मरण छ । "उक्त समयमा एउटा कार्यक्रम सक्ने बित्तिकै अर्को पुग्ने गर्थे, हामीलाई दर्शकले प्रत्यक्ष हेरेर लिने मनोरञ्जन अनि हामीले उहाँहरुको हाँसो देखेर पाउने सन्तुष्टिलाई शब्दमा व्यक्त गर्न सक्दिन, अहले नयाँ पुस्ताले यसलाई अगाडि बढाउनुभएको छ", हास्य कलाकार केसीले भन्नुभयो।

विशेषगरी नेवार समुदायले मनाउने गाईजात्रा पर्वले परम्परागत, धार्मिक र सांस्कृतिक विशेषता बोकेको छ। गाईजात्रामा वर्षभरिको शोक र दुःख भुलाउन हास्य व्यङ्ग्यका कार्यक्रम र प्रस्तुति प्रस्तुत गर्ने परम्परा छ। यस वर्ष भदौ ४ गते गाईजात्रा पर्व परेको छ ।रासस

# भारतमा थप दुई सय ५१ मेगावाट विद्युत् निर्यात हुने

काठमाण्डु । नेपालले द्विपक्षीय सम्झौताअनुसार भारतका विहार र हरियाणा राज्यलाई थप दुई सय ५१ मेगावाट विद्युत् निर्यात गर्ने भएको छ ।भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले हरियाणा राज्यलाई थप एक सय २५ दशमलव ८९ मेगावाट र विहारलाई एक सय २५ मेगावाट मध्यकालीन सम्झौताबमोजिम निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो।

दश जलविद्युत् आयोजनाबाट उत्पादित एक सय २५ मेगावाट विद्युत् विहारलाई र दुई जलविद्युत् आयोजनाबाट उत्पादित थप एक सय २५ दशमलव ८९ मेगावाट विद्युत् हरियाणा राज्यका वितरण कम्पनीलाई बिक्री गरिनेछ । प्राधिकरणले हरियाणा राज्यलाई हाल एक सय नौ मेगावाट विद्युत् बिक्री गरिरहेको छ ।नेपालमा खपत गरी अतिरिक्त भएको बर्खायामको विद्युत् हरेक वर्ष जुनदेखि अक्टोबरसम्म विहार र हरियाणालाई बिक्री गरिनेछ। योसँगै मध्यकालीन सम्झौताबमोजिम भारतका राज्यस्तरका वितरण कम्पनीलाई बिक्री गरिने विद्युत्को परिमाण तीन सय ६० मेगावाट पुगेको छ।

आगामी अक्टोबरसम्म बिक्री गरिने विद्युत्को बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ७२ पैसा (५ दशमलव ४५ भारु) रहेको छ। गत वर्ष हरियाणलाई बिक्रीका लागि स्वीकृति दिइएको एक सय नौ मेगावाटको प्रतियुनिट दर आठ रुपैयाँ ४० पैसा (५ दशमलव २५ भारु) छ । यसमा भारतर्फको प्रसारण लाइन शुल्क, चुहावट, ट्रेडिङ मार्जिनलगायत सम्पूर्ण कर तथा




शुल्क भने प्राधिकरणले व्यहोर्नुपर्ने छैन।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको बर्खायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। भारतको इनर्जी एक्सचेञ्ज (आइएक्स)को रियल टाइम मार्केट, डे-अहेड बजारमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरियाणा राज्यलाई बिक्री गरिरहेको छ । भारतबाट स्वीकृति पाएसँगै अब विहारलाई पनि विद्युत् बिक्री सुरु हुनेछ । प्रतिस्पर्धी बजार र मध्यकालीन सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाहरुबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री हुनेछ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भारतीय पक्षबाट स्वीकृति पाएसँग अब छिट्टै विहार र हरियाणामा थप विद्युत् निर्यात सुरु गरिने जानकारी दिनुभयो। "स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सक्ने हुँदा अब एक हजार मेगावाटभन्दा बढी निर्यात गर्न सक्ने अवस्था बनेको छ, थप दुई सय मेगावाट निर्यात स्वीकृतिको प्रक्रियामा रहेको छ, छिट्टै स्वीकृति पाउनेमा विश्वस्त छौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो। विद्युत् निर्यातको परिणाम बढ्दै जानेछ, चालु आवमा रु २५ अर्ब बराबरको विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको प्राधिकरणले जनाएको छ।

विवरणअनुसार ११ दशमलव ६४ मेगावाटको दोर्दी-एक, कूल १४ दशमलव ४५ मेगावाटको मायाखोला, नौ दशमलव ९९ मेगावाटको तल्लो पिलुवा, १० दशमलव ६७ मेगावाटका तल्लो खारे, ११ दशमलव ६४ मेगावाटको माथिल्लो खिम्ती, छ दशमलव आठ मेगावाटको माथिल्लो खिम्ती-दोस्रो, १४ दशमलव चार मेगावाटको मोदी, १४ दशमलव छ मेगावाटको गण्डक, १९ दशमलव २१ मेगावाटको माथिल्लो सोलु र ११ दशमलव ६४ मेगावाटको दूधकुण्ड जलविद्युत् आयोजनाबाट उत्पादित एक सय २५ मेगावाट विद्युत् विहारमा निर्यात हुनेछ। विहारसँग प्रसारण लाइन जोडिएका कटैया, रक्सौल र रामनगर विन्दुमार्फत विद्युत् निर्यात गरिनेछ।

यस्तै, ७५ मेगावाटको लिखु-एक र ५० दशमलव ८९ मेगावाटको लिखु-२ बाट उत्पादित एक सय २५ दशमलव ८९ थप विद्युत् हरियाणा राज्यमा बिक्री गरिनेछ । प्राधिकरणले सुक्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा गत आर्थिक वर्षमा भारतबाट एक अर्ब ८९ करोड युनिट अर्थात् रु १६ अर्ब ९३ करोडको विद्युत् आयात गरेको थियो। तर यही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारतर्फ निर्यात गरी रु १७ अर्ब ६ करोड आम्दानी गरेको थियो। गत आर्थिक वर्षमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात भएको थियो। गत आवबाट खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर गौरवमय इतिहास बनाउन सफल भएको छ ।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### शब्द हो कि व्यवहार ?

गैर लोकतान्त्रिक क्रियाकलाप लोकतन्त्रको आत्माका लागि संक्रमणको संकेत हो । लोकतन्त्रवादीको आवरण तर विचार , व्यवहार र चरित्र अलोकतान्त्रिक हुनु अनिष्टतालाई निम्त्याउनु हो । आन्दोलन , संघर्ष , बलिदानको पृष्ठभूमिमा स्थापित लोकतन्त्र , संघीयता , गणतन्त्रमा शहीद र आम जनताको आत्मा , चाहना , भावना सन्निहित छ । सरकारमा शहीद , आमजनताको चाहना , आवश्यकता र धरातलीय परिवेशको छवि अन्तरनिहित हुन्छ । खुला र उदार लोकतन्त्रमा जस्ता पनि कुराको कथित पार्टी पक्षधरताका आधारमा पक्षपोषण गरिहनु दासमनोवृत्तिको प्रदर्शन मात्र हुन्छ । सामन्तवादका अवशेष ध्वस्त नभएसम्म शासकीय , जातीय , वर्गीय विभेद , छुवाछुत , महिला सशक्तिकरण , अवसरबाट बञ्चित , बेरोजगारी , हिंसा , आपराधिक मनोवृत्तिको अन्त्य संभव छै न । मधेश प्रदेश सरकारको पृष्ठभूमि र वर्तमानको समीक्षा सघन नभएका कारण यी दुष्कर प्रवृत्तिबाट अछुतो रहेको छैन । मधेशवादको नारा , लोकतन्त्रको नारा , संघीयताको नारा सरकारका नेतृत्व गर्ने दलहरुको पृष्ठभूमि हो । दुई पटक जनता समाजवादी पार्टी नेपालको नेतृत्वको मुख्यमन्त्री र वर्तमानमा जनमत पार्टीको नेतृत्वको मुख्यमन्त्रीको मन्त्रीमण्डलको न हाँस , न कुखुराको चाल इतिहास र वर्तमान साक्ष्य छ । जसपा नेपालका मुख्यमन्त्री लालबाबु राउत माओवादी केन्द्रका नेता भरतकुमार साहको वेचारिक होडको पछि लागे , अध्यक्ष उपेन्द्र यादव निर्देशनले अन्य दलहरुलाई विभिन्न आयोग , प्रतिष्ठानमा बञ्चित गरे , माओवादी नेता साहको होडमा लागेर धर्नामा समेत बसे । त्यसपछि सोही दलका सरोजकुमार यादव मुख्यमन्त्रीमा आसीन हुन बित्तिकै पुनरावृति गरेका कारण अनेक पटक अविश्वासको फन्दामा परे , विश्वासको मत लिए , अन्ततः अविश्वासको जालोमा परी सत्ताच्यूतको अध्याय छ । यिनका सरकारका सारथीका रुपमा माओवादी केन्द्र , नेकपा समावादी र जनमत रहे पनि जनमतकै मन्त्रीबीच कटुताभावमा वृद्धिले जनमतकने यादवको सरकारको यात्रामा विराम लाग्यो । त्यसपछि जनमत , नेकपा एमाले , माओवादी , नेकपा समाजवादीको यात्रा प्रारम्भ भयो तर त्यो यात्राको केही महिनामै अन्त्य भइ जनमतकै नेतृत्वका मुख्यमन्त्री सतीशकुमार सिंहको सरकारमा अनेक आरोह अवरोह पछि कांग्रेस , एमाले र लोकतान्त्रिक समाजवादी दलको साझेदारी शुरु भयो तर केही महिनामै सिंह बदनामीको पगरी ग्रहण गरेका छन् । एमालेले आयोग , प्रतिष्ठानप्रति असहमति जनाइ रहेको सन्दर्भ बिर्सिन पुगेको छ । कांग्रेसमा संसदीय दलदेखि मन्त्री चयन र त्यसपछिको कामकारवाहीप्रति असन्तुष्टि प्याप्त छ भने मुख्यमन्त्री स्टन्टबाजी मनोविज्ञानले गर्दा आलोच्य हुन पुगेको स्थिति छ । सचेत ,बहसको आवश्यकता छ , अन्ततः प्रश्न उठेको छ के जनता , संघीयता , आवश्यकता , समस्या शब्द हो कि विचार , चरित्र , व्यवहार हो ?

# नभएको त हात हालाहाल मात्र हो!



नारायण वाग्ले

हात हालाहाल भएको होइन। कपाल कुँयलाकुँयल भएको पनि होइन। नभएको कुरा लेख्नु हुँदैन।

तर नभएको त्यति मात्र हो।

झट्टै आवेशमा आउने र हुलमुलमा जीउ जोगाउन गाह्रो पर्ने काठमाडौं उपत्यकाभित्रका सार्वजनिक सवारी साधनका सधैंका सिलसिला हुन्। म चढेको सफा टेम्पोले कार्यालय समय के, विद्यालय समय के, बजार समयका हतारका यात्रु एकै घान पार्न आतुरी गर्दै थियो। पाँच-पाँच जना दुईतिर मुखामुख बस्ने सिट एउटा खाली छ कि भनेर पछाडि फर्केर हेर्दै चालक शंखमूल-बौद्ध मार्गको व्यस्तता थप्ने गरी गुड्न थालेका थिए।

उसै त उकुसमुकुस उपत्यका, उसमाथि ठेलमठेल साधनभित्र सास फेर्न सकसै होलाझैं हुन्छ। पेट्रोल, डिजेल मिसिएको हावा फेर्दै हरियो देख्ने भनेकै इनामेल हो भन्ने लागेपछि उफ् चिटचिट आफै स्वतः बढ्दै जान्छ।सहरमा साँझको रौनक थपेर फर्केका वा थप्न निस्केका तीन जना किशोरी टेम्पोपछाडि अचानक देखापरे।अगाडि परेका दुई जना किशोरी चालकछेउको सिट भर्न हतारिए। तेस्री चाहिँलाई उपनाम काढ्दै पछाडि बस्न अह्राए।

पछाडि, हामी भएतिर एक जना अट्ने ठाउँ त थियो, तर त्यो ठाउँ कुन चाहिँ हो यकिन हुन्थेन। एकले अर्कालाई कम्मरले ठेल्ने र धकेल्ने, 'एक्सक्युज मी' भन्दै अलिकति अडिन पुग्ने चेप खोज्ने! जो पछि आयो, उसले रोजेको ठाउँ रोजाना कहाँ पाउँथ्यो र!

'उता सर्नू न,' किशोरीले त आदेश दिएझैं पो गरिन्।त्यतापट्टि छेउमा बसेकी महिला असमञ्जस्यमा परिन्।उनले केही बेर अघि मात्र अर्कोसँग भनसुन गरेर छेउमा अडिन पाएकी थिइन्। म छिटो झर्ने हो भन्ने भान पार्दै उनले आफ्ना लागि हासिल गरेको ठाउँमा एकाएक अर्को कोही आएर हक जताएजस्तो गर्दै थियो।'तिमी जाऊ,' महिलाले किशोरीलाई भित्र पस्न मिल्ने गरी घुँडा अझै दोबार्दै भनिन्, 'म चाँडै झर्ने हो।'

'म पनि चाँडै झर्ने हो,' किशोरीले महिलालाई नै पर सर्न ढिपी गर्दै टेम्पोभित्र पसेर त्यहीँको त्यहीँ नसर्दै निहुरी परेर उभिइरहिन्।उनले 'चाँडै झर्ने' भनेको कसैले पत्याउन गाह्रो थियो, किनभने उनका दुई साथीले अघि भर्खर चाबहिल नै पुग्ने खुस्काइसकेका थिए। उसमाथि सके स्कुले उमेरकी केटी त खुरूक्क आफ्नो थान्कोमा बसिहाल्छे भन्ने पनि परेको थियो! ती किशोरीहरूको उमेर प्लस-टू गर्दै गरेका वा भर्खर सकेका अनुमान हुन्थ्यो।

लाम्बाहुले गन्जी र पाइन्ट 'कलर म्याच' गर्ने हृष्टपुष्ट उज्याली किशोरीले हातको कफी मगजस्तो लाम्चो बिर्कोवाला भाँडो हल्लाउँदै 'सर्नू, सर्नू' भनेर बल थपिन्।'कति चर्को बोलेकी?' मेरो आडकी महिलालाई खपिनसक्नु भएको रहेछ, आफ्नो अगाडि भएको ढिपी प्रदर्शनविरूद्ध प्वाक्क बोलिन्।किशोरीले आफ्ना आँखा सिधा अगाडि पारेर, टक्क आँखा जुधाएर हकारिन्, 'तपाईंको समस्या के हो?''तिमी भित्र जान नहुने, किन?''मैले तपाईंलाई सर्नू भनेकी छु?'

'उहाँ चाँडै झर्ने भन्दै हुनुहुन्छ,' महिलाले भनिन्, 'सुनिनौ?''म पनि त चाँडै झर्ने हो, किशोरीले स्वर दोब्बर गर्दै मेरो आडकी महिलालाई दाब्न खोजिन्, 'सुन्नुभएन?'भैगो त भन्ने भावमा, अघि नै देखि दोबारेर राखेका खुट्टा झट्कार्दै महिलाले आफै ठाउँ सरिदिएर किशोरीलाई छेउकै सिटबाट डाँको बढाउन सक्ने सुविधा दिइन्।यता मेरो आडकी महिलाको पारो चढिसकेको थियो।

किशोरी र महिला, जो दुईतिरका छेउका 'भाग्यमानी' सिटधारी थिए; उनीहरू 'फेस टु फेस' हुनु टेम्पोको तापक्रम बढ्ने कारण बन्यो। एकले अर्कालाई आँखा जुधाउँदै झाँको झार्न रोकिएनन्। हान्ने गाईझैं सिँगौरी खेल्लान् जस्तो भयो। कति कोरली बाच्छी त माउका परिपक्व सिङमा आफ्ना हुर्कौला सिङ जुधाएर निहुँ खोज्छन्!

'सोमत छैन?' महिलाले झन् स्वर दह्रो गरिन्। 'आफ्नै छोराछोरीलाई सिकाउनुस्!'

'तिमी जत्री त मेरी छोरी नै छ।''उसैलाई सिकाउनुस्।''कस्ती चोथाले!''आफू नि?'

त्यो भनाभन जारी राख्दै व्यस्त काठमाडौंमाझको अस्ताउन लागेको दिन म ती दुईलाई नियाल्दै थिएँ, तर सोझै हेर्दा क्वारक्वार्ती हेरेको बात् लाग्ला भनेर चोर आँखा पार्दै घरि आफूतिरकी महिला, घरि अगाडिकी किशोरीलाई चियाउँथेँ।महिलाले पसिना पुछिन्।

उनको अनुहार र मुद्रा प्रत्यक्ष देख्न सम्भव भएन। आडको मानिस जति नजिक भए पनि ठम्याउन गाह्रो हुने रहेछ। किशोरीलाई भने पूरा सकल अनुहार ठम्याउन सक्थेँ। उनको रङ बदलिएको थिएन। हुन्छ नि, झगडा परेपछि नशा तन्किने, गाला रातो हुने!

किशोरीले धकेलेकी महिला मेरो सम्मुख थिइन्, जसले आफूलाई त्यो बिनासित्तिको गलफत्तीको कारक महसुस गरेकी हुनुपर्छ।मेरो दुवैतिरका महिला र अगाडिकी 'कारक' महिलाको उमेर समूह एउटै देखिन्थ्यो, जो एकार्कासँग अपरिचयबीच किशोरीको हस्तक्षेपले एउटै समूह बन्न पुगेका थिए। बाचाल महिलाले कस्सिएर केही भन्दा बाँकी दुईले सानो स्वरमा सही थाप्थे, 'हो भन्या! त्यही त भन्या!''भयो छाडिदिनोस्,' एउटीले क्रूद्ध महिलालाई विनीत स्वर बनाएर सम्झाउन खोजिन्, 'आजकलकासँग सकिँदैन।'

'आजकलका' र 'उहिलेका' दुई समूह मिलेजस्तो लाग्ने यात्रुहरूबीच हामी मूकदर्शक पक्ष 'उहिलेका' नै थियौं। हामी कुनै पक्षतिर प्रकट हुन सकेका थिएनौं। त्यसरी पक्षधरता नदेखाई निस्पृह बस्नु कमजोरी हो कि विशेषता थाहा भएन। तर मलाई घरिघरि आफू निरीह भएजस्तो लाग्यो। उपायहीन!आफ्नै रोहवरमा जे भइरहेको छ, त्यसबारे आफ्नो धारणा प्रकट गर्न सकिएको छैन। ती महिलाले 'आजकलकासँग सकिँदैन' भनेर आक्रोशित महिलासँग साख्य बन्न खोजेर पुस्ताको भिन्नता कोट्याएपछि बढी जिज्ञासु बनेँ।

> सहर बजारले स्वास्थ्य उपचार, शैक्षिक डिग्री र आर्थिक उपार्जनका अवसरहरू प्रशस्त उपलब्ध गराउँछन्। भौतिक विकासका यी सूचकहरूका खातिर हामी देशभरि सहर बजारको विकास र विस्तारतर्फ उद्यत छौं। तर कस्ता सहर बजार, कस्ता बस्ती, कस्ता बसोबास भन्नेमा हाम्रा बहसहरू छैनन्। हामी रन्किरहेका मानिस देख्छौं, तिनको रनाहा के हो देख्दैनौं। जलवायु परिवर्तन ठूलो मुद्दा छ, मनवायु परिवर्तन ठूलो मुद्दा हुन बाँकी छ।

उमेर समूहका हिसाबले तीन महिला, जसलाई आमा समूह भन्न सकिन्थ्यो र तीन किशोरी, जो एकसाथ आएका साथी नै थिए, अझ सहपाठी हुन सक्थे। महिलाहरू भने आपसमा अपरिचित थिए, तर सरोकार हेरी एउटा स्वार्थ समूह बन्न पुगेका थिए। उनीहरू आपसमा कति अपरिचित थिए भने सुरूमा एउटीले अर्कालाई पर सर्न आग्रह गर्दा व्यंग्य गर्दै 'शरीर जत्रो भए पनि भाडा उही लाग्ने हो' भन्दै थिइन्। त्यो झगडाको बीउ बन्न पाएन, किनभने त्यो अंकुराउन नपाउँदै स्थिति फेरियो।

कुर्ता-सुरूवालवाला आमा समूह र गन्जी-पाइन्टवाला छोरी पुस्ता समूहबीच भित्रभित्रै भुसको आगो बढिरहेको थियो।काठमाडौं रहँदा पाएसम्म लम्किने, कहिलेकाहीँ यसैगरी गुड्ने मैले त्यस दिन त्यसअघि बसमा चक्रपथको चौथाइ सडकजति रिंगेको थिएँ। चालकको ठिक पछाडि यात्रुहरूतिर फर्काएर कागज टाँसिएको पढेको पनि थिएँ – बिहान चाँडै उठ्ने मान्छे प्रायः निद्रा पुगेर होइन; जिम्मेवारी, कर्तव्य सम्झेर ब्युँझेको हुन्छ।

यातायात साधनमा सबैका लागि रूचिकर छोटकरी सूत्र वाक्यहरू, सूक्तिहरू, उक्तिहरू टाँसेर यात्रुलाई शान्त रहन र सोच्न प्रेरित गर्नुको एउटा तात्पर्य टेम्पोभित्रको घटनाले खुलायो।अंग्रेजीमा मिस्टर जिआरसी लेखेर त्यो प्रेरणाप्रद नेपाली उद्धरणसहित गुड्ने महासागर यातायात आफैमा महानगर यातायातसँग हानथाप गर्दै को चाँडो अर्काको यात्रु आफूले बटुल्ने, के सोहोर्ने के खोस्ने होडमग्न हुने गर्छन्।

बसको जस्तै प्रेरणा दिने केही कुरा कतै लेखिएको छ कि भन्ने लागेर मैले यात्रुहरूका डन्डीमा समातिने हातहरूभित्र आँखा घुसाउँदै चाल मारेँ। निहुरी पर्दै गुड्नुपर्ने त्यति सानो सवारीभित्र पनि सम्मानसाथ ज्येष्ठ नागरिक/अशक्त नागरिकसहित तीन सिट महिला आरक्षण लेखिएको थियो, जुन ठूला बसका सिटको तुलनामा ठूलै छाती हो।

समावेशी नेपालको एउटा देखिने परिवर्तन यातायातमा एकाध भए पनि सिट लेखिनु हो, कम्तिमा हामीमा एउटा सभ्यताको सुरूआत भयो। नलेखिने परिवर्तन नदेखिएका हुन्छन्, जुन बानीबेहोरामा बदलिएका हुन्छन्। यही हुन्छ भन्ने ठम्याउन सकिँदैन, मानिसका मनमा भने परेको हुन्छ। जमाना फेरियो भन्ने धारणा भौतिक प्रगति हेरेर मात्र भनिने होइन, मनस्थिति कति बेग्लियो महसुस गर्ने हो।

मैले आँखाका तीर घुमाउँदै थिएँ, चालकको छेउ ठूलै अक्षर रहेछ – सेवा स्यामुन्ना!

उनको ध्यान भंग होला र 'तपाईंहरू हल्ला नगर्नूस्, नत्र झरेर जानूस्' भन्लान् कि ठानेर उनलाई हेर्दै थिएँ – उनले यात्रुहरूबीचको खैलाबैलाबाट फिटिक्कै अप्रभावित रहेर आफ्ना सम्पूर्ण इन्द्रियहरूलाई आफू अगाडिको अस्तव्यस्त सडकमा केन्द्रित गरिरहे। यात्रुहरू आपसमा जेसुकै गरून् – स्यामुन्ना!

'छाडिदिनोस्, हा ... नबोल्नोस्' भन्ने आफूजस्तै महिलाको सुझावको विनम्रताले ती महिला बदलिइनन्।'हद हुन्छ नि!' उनले बोलिन्, 'आँखै अगाडि त्यस्तो हेपेको हेर्न सुहाउँछ?''हो भन्या,' अर्की महिलाको स्वर यसपटक अलि सुनिने गरी बढ्यो।'तपाईं किन बीचमा?' किशोरीले ती अर्की महिलालाई पनि हप्काउने गरी बोलिन्।'हामी सँगै चढेका हौं,' उनले आफ्नो बचाउमा भनिन्।

'त्यही त भन्या,' किशोरीहरूका लागि ठाउँ सरिदिने महिलाले सही थापिन्।तीन जनाको सूरताल मिलेको प्रकट भएपछि किशोरीले अझ स्वर गरिन्, 'मैले त्यस्तो के भनेकी थिएँ र?''बढ्ता बोल्छ्यौ?' अघि नै देखिन् राँको हुँदै आएकी महिलाले भनिन्।

त्यसपछि किशोरीले अगाडि चालकछेउ एउटा सिटमा खापिएर बसेका आफ्ना दुई साथीलाई सुनाउने गरी के बोलेकी हुन् मैले त मरिकाटे बुझिनँ। मकै भुटेको बरू हाँडीभित्र सिन्का चलाउनेको मनोभाव हेरी बुझ्न सकिएला!'के बोलेकी त्यस्तो?' महिला जंगिइन्।'के भनेँ र?'

'झापड हान्ने भन्या होइन?' उनले भनिन्, 'तिम्रो पाल्सी भाषा मैले नबुझ्या हो?'उनी त्यसरी उफ्रिँदा किशोरीले हो पनि भनिनन्, होइन पनि भनिनन्।

मध्य-बानेश्वर कटिसकेको थियो र ती महिलाको झर्ने ठाउँ गइसकेको थियो। हातले ऐया हुने गरी टेम्पोमा हानेर रोक्न लगाइन् र बीसको नोट हामी-हामीबीच एउटाको हातबाट अर्कोमा सर्दै चालकको खल्तीसम्म पुग्ने भएपछि झरिन्। झर्दाझर्दै भनिन्, 'बेकारमा तनाव मात्र बढ्यो, ठाउँ पनि छुट्यो। ''तनाव मात्र बढ्यो' भन्ने उनका शब्दहरू हामीसँगै यात्रा गरिरहे। उनको तनावको भारी हामीसँगै थियो, किनभने निचोड निस्किसकेको थिएन। छिनोफानो भएकै थिएन। र, सके हुनसक्ने पनि थिएन।

मैले किशोरीलाई हेरेँ, उनको अनुहारमा कुनै मनोभाव नै थिएन। छु मतलब खालको! हाउ कूल! अझ सालिकजस्तै लाग्यो। आफूसँग बाझ्ने महिला झरेको खुसी पनि छैन, उनलाई तनाव बढाइदिएकामा दुःख पनि छैन। केही नभएजस्तो!अरू दुई महिलाले पनि आफ्नो समूहकी प्रवक्ता निस्केपछिको जिम्मेवारी सके चुप लाग्नुमै देखे। त्यसपछि उनीहरूले एक शब्द चूँ पनि गरेनन्, न किशोरीले।

महिलाले तनाव बढ्यो भनिन्, उनी मुखर थिइन्। तनाव हामी सबैको बढेको थियो। रोहवर बस्दा मौन रहनु पनि तनावै हो। आफू भित्रभित्रै भुट्भुटिरहेको हुन्छ। आफ्नो जिम्मेवारी केही छ कि भन्ने चिन्ता बढ्छ। जिम्मेवारी ख्याल गर्न सकिएन कि भन्ने सुर्ता सुरू हुन्छ। ती महिलाले ठिकै बोलेकी हुन् भने उनलाई कम्तिमा सराहना गर्नुपर्थ्यो। उनको तनाव त कम हुन्थ्यो! आफूले सही कुरा गरेको छु भन्ने लाग्छ, तर अरू निरपेक्ष बसिदिए भने जस्तै मै हुँ भन्नेको पनि आत्मबल त्यसै कम हुन्छ। आत्मग्लानि हुन सक्छ।

आत्मग्लानि हुन पुग्नु भनेको व्यक्तिको कमजोरी जति हो, अरूको दोष कम होइन, अझ बढी हुनसक्छ।कोही आफ्नै अगाडि आफू चुप बसिदिँदा आत्मग्लानीमा पऱ्यो भन्ने सोच्नेको पनि सजाय सुरू हुन्छ। जस्तो मलाई नै भयो, ग्लानि भइरह्यो।

मैले 'तनाव नलिनुहोला, तपाईंले केही अर्घेलो गर्नुभएको थिएन' भन्ने सक्थेँ। भन्नुपर्थ्यो भन्ने ज्ञान तत्काल, तत्क्षण आएन। आएको भए पनि त्यसो भन्ने आँट हुन्थ्यो कि हुन्थेन म भन्न सक्दिनँ। त्यसो भन्नु किशोरीसँग बहस ब्युँताउनु होइन, त्यसका लागि खुला आमन्त्रण त के, 'च्यालेन्ज' गरे सरह हुन सक्थ्यो।

महिलालाई जति तनाव बढेको सुनियो, किशोरीलाई केही देखिएन। तनाव कति देखिन्छ, कति देखिन्न। कति लुकाउन सक्छन्, कति सक्दैनन्। सहर बजारमा तनाव त्यसै पनि बढी हुन्छ। सहर बजारमा तापक्रम बढी भएको हामी महसुस गर्छौं। सहरबाहिर खुला ठाउँ केही बेर पुग्दैमा हामी राहत ठान्छौं। बाहिरी तापक्रमले मानसिक तापक्रम पनि बढाउने त वैज्ञानिक अनुसन्धानै छन्, त्यसरी त सहरी जनसंख्या बाहिरीसँगै भित्री तापमानको पनि बढी जोखिममै छ।

कोलाहल र कलह, लुछाचुँडी र भागदौड, हानथाप र होडबाजीले मात्र होइन; असफलता, अक्षमताको ग्लानिसँगै साथ, सहयोग र सम्बन्धहरूको अभावमा एक्लोपनले पनि मानसिक तापक्रम बढाइरहेको हुन्छ। मानसिक तापक्रम आज नसर्ने महामारीका रूपमा व्याप्त भइसकेको विश्वव्यापी अध्ययनहरूले औंल्याएका छन्।

सहर बजारले स्वास्थ्य उपचार, शैक्षिक डिग्री र आर्थिक उपार्जनका अवसरहरू प्रशस्त उपलब्ध गराउँछन्। भौतिक विकासका यी सूचकहरूका खातिर हामी देशभरि सहर बजारको विकास र विस्तारतर्फ उद्यत छौं। तर कस्ता सहर बजार, कस्ता बस्ती, कस्ता बसोबास भन्नेमा हाम्रा बहसहरू छैनन्। हामी रन्किरहेका मानिस देख्छौं, तिनको रनाहा के हो देख्दैनौं। जलवायु परिवर्तन ठूलो मुद्दा छ, मनवायु परिवर्तन ठूलो मुद्दा हुन बाँकी छ।

म चाँडै झर्नु छ भन्ने हानथाप गर्ने महिला र किशोरी अझै यात्रा गरिरहेका थिए, त्यसको निहुँमा न्याय-अन्याय के हो खरोसाथ खुट्याउन खोज्ने महिला झरिसकेकी थिइन्।झगडाका दुई मूल पात्र एकसाथ टाँस्सिएर चुपचाप बसिरहेका थिए भन्नुको अर्थ उनीहरूबीच आपसी सहमति भइसकेको थियो भन्ने होइन। झगडा विराम गरेको वा थाती राखेको, जुन कुनै पनि बेला पुनः सुरू हुन सक्थ्यो, सक्नेछ। मूल कारण ती व्यक्तिहरूभन्दा तापक्रम बढाउने विषयहरू न हुन्!

म पनि झरेँ। 'सेवा स्यामुन्ना' मुनि चालक खल्तीमा पुग्ने गरी नोट पठाएँ। एकले अर्कालाई सहयोग गर्ने प्रक्रिया जारी रह्यो।टेम्पोबाट ओर्लेर झगडाका बीउहरू दुवैलाई पुलुक्क हेरेँ र चुपचाप पर पुगेका दुवैलाई मनमनै भनेँ –

सेवा स्यामुन्ना!

# सूचनाको हकसम्बन्धी ऐनको १७ वर्षः नागरिक अधिकार कार्यान्वयनको लेखाजोखा



धर्मेन्द्र झा

आजभन्दा १७ वर्ष पहिले अर्थात् २०६४ मा आजैका दिनदेखि सूचनाको हक कार्यान्वयनमा आएको हो । सोही वर्षको साउन ५ गते संसद्बाट पारित भएको यो ऐन ३० दिनभित्र जारी हुने प्रावधानअनुसार भदौ ३ गतेदेखि कार्यान्वयनमा आएको हो । सूचनाको हक कार्यान्वयनमा आउनेबित्तिकै सुशासनका साथै पारदर्शी र सहभागितामूलक लोकतन्त्र प्रवर्द्धनका सन्दर्भमा नयाँ बहस प्रारम्भ भयो भन्दा अस्वाभाविक हुँदैन । कालान्तरमा यो वहस यतिमा मात्र सीमित रहेन । यो वहस, सूचनाको हकलाई भ्रष्टाचारमा लगाम लगाउने एक सशक्त औजार, नागरिक स्वतन्त्रताको उपयोगलाई थप परिष्कृत बनाउने एक आधार र मिडियालाई थप धारिलो बनाउने संस्कार विकसित गर्ने सन्दर्भमा पनि विस्तार भयो ।

निश्चय पनि कुनै पनि देश र समाजको विकासका लागि सुशासन आवश्यक पर्दछ । यही सुशासनयुक्त राज्य संयन्त्रको उपस्थितिमा देशले चाहेको जस्तो नवनिर्माण र समृद्धि सम्भव हुनसक्छ । यसका लागि सूचनाको हक सहायकसिद्ध हुनसक्ने सर्वत्र स्वीकार गरिएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने दिशामा यो कानुनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसमा शङ्का छैन । यसका पक्षमा अनेकौ उदाहरण प्रस्तुत गर्न सकिन्छ । आजको युगमा विश्वव्यापी अभ्यासहरूबाट यो तथ्य प्रमाणित भइसकेको छ ।

यसै ऐनको प्रयोग गरेर पछिल्लो केही वर्षमा छिमेकी राष्ट्र भारतले उल्लेख्य सफलता प्राप्त गरेको उदाहरण हाम्रासामु छ । अन्य देशमा पनि यो ऐनको प्रयोग बढ्दो छ । नेपालमा पनि यो कानुन छ र यस कानुनअनुरुप सेवाग्राहीलाई आवश्यक सूचना उपलब्ध गराउन, जनताको सूचनाको हक संरक्षण, प्रवर्द्धन र प्रचलन गर्न यही सूचनाको हकसम्बन्धी ऐनका आधारमा राष्ट्रिय सूचना आयोगको गठन गरिएको छ ।

पछिल्लो अभ्यासले के देखाएको छ भने नेपालमा सूचना आयोग जनतालाई सूचना उपलब्ध गराउने दिशामा सक्रिय रहन खोजेको छ तर यहाँ सूचनाको माग गर्नेहरूमा नै उत्साहको अभाव छ । स्वयं सूचना आयोगका पदाधिकारीहरूबाट पनि सूचना मागको संस्कृति मौलाउन नसकेको धारणा यदाकदा स्वीकार गर्ने गरिएको सार्वजनिक हुने गरेको छ । यस अवस्थाले निश्चय पनि यो हकका पक्षपातीलाई केही सोच्न बाध्य बनाएको छ । आयोगले भने आफूकहाँ प्राप्त निवेदनमध्ये अधिकांशमा निर्णय दिएर मुलुकमा सूचना संस्कृतिको विकासमा टेवा पुर्याउने प्रयत्न गरेको छ जो स्वागतयोग्य छ ।

सूचनाको हकसम्बधी ऐनअनुसार सार्वजनिक महत्वका सूचना प्रवाह गर्नुपर्ने दायित्व सार्वजनिक निकायको हो । तर नेपालमा भने सार्वजनिक निकायको परिभाषाकै सम्बन्धमा अहिलेसम्म एक प्रकारको अलमल अनुभव गरिएको छ । सामान्यतया सार्वजनिक प्रयोजन र हीतका लागि स्थापित जुनसुकै संस्थालाई सार्वजनिक निकाय मानिनु पर्ने हो तर नेपालमा यसबारे समान धारणाको विकास भइसकेको छैन । यद्यपि, ऐनले सार्वजनिक निकायको फराकिलो परिभाषा दिन खोजेको छ तर व्याख्यामा एकरुपता नहुँदा कतिपय निकाय आफूलाई सार्वजनिक हुने दायित्वबाट उन्मुक्त बनाउन खोज्दछन् र सफल पनि हुन्छन् । सूचनाको हकसम्बन्धी ऐन लागू भएको दिनलाई महत्वपूर्ण दिवस मान्दै गर्दा यी विषयका बारेमा थप छलफल अपेक्षित छ भनियो भने असङ्गत हुने छैन ।

पारदर्शिताको अभावमा भ्रष्टाचार मौलाउने मात्र होइन, संस्थागत हुने वातावरणको निर्माण हुन्छ । सूचनामा पारदर्शिता नहुँदा दोषीले उन्मुक्ति पाउने सम्भावनाबाट इन्कार गर्न सकिँदैन । सूचना आयोगले यसै अवस्थामा अङ्कुश लगाउने अपेक्षा गरिन्छ । यसै अपेक्षाअनुरुप भ्याट बिल छलि, प्रवेशिका, उच्च मावि र विश्वविद्यालय परीक्षाको कापी हेर्ने, लोकसेवा परीक्षाको कापी हेर्ने, आयल निगमको तेल वितरण, पत्रकार जे पी जोशी हत्या प्रकरण, न्यायाधीश स्वयंले न्याय पाएको आदि सन्दर्भमा आयोगले महत्त्वपूर्ण नजीर स्थापना गरेर सुशासनका दिशामा कोशेढुङ्गा थपेको विश्लेषण गर्न सकिन्छ । तर आमनागरिकका बीचमा आफूलाई थप प्रभावकारी रूपमा उभ्याउन आयोगले आफ्नो आकारमा थप वृद्धि खोज्नु भने अपरिहार्य छ ।

सुशासनको लोकतन्त्रसँग अत्यन्त घनिष्ठ सम्बन्ध छ । वास्तवमा दुवै एकअर्काका पूरक हुन् । न त सुशासनबिना लोकतन्त्र गतिशील हुन सक्दछ न त लोकतन्त्रबिना सुशासन नै कायम हुन सक्दछ । जबजब सुशासनको कुरा उठ्छ पारदर्शी र खुलापन तथा जनउत्तरदायीजस्ता शब्दसँगै रहने अपेक्षा गरिन्छ । सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको सन्दर्भले सुशासन र लोकतन्त्रको भावनालाई बल पुर्याउँछ ।

लोकतन्त्रले शासनका संयन्त्रहरू खुला र जिम्मेबार हुनुपर्ने अपेक्षा राख्दछ । लोकतन्त्रले सूचनामा व्यक्तिको निर्वाध पहुँचको वकालत गर्दछ । विश्वका सरकारहरूले आपफूलाई यस कसीमा मूल्याङ्कन गर्नु अपरिहार्य छ । जसले आफू लोकतान्त्रिक भएको दाबी गर्दछ, उसलाई सूचनामा जनताको पहुँच स्थापनाका लागि पहल नगर्ने छूट छैन र छूट हुनु पनि हुँदैन ।

नागरिकको चाहना भ्रष्टाचारमुक्त असल शासन हो । निश्चय पनि यस आधारमा मात्र समृद्धितर्फको यात्रा सम्भव हुन सक्छ । यसका लागि निश्चितरुपमा पारदर्शी लोकतान्त्रिक शासन प्रणाली आवश्यक पर्दछ । यो सूचनाको निर्वाध सम्प्रेषण अर्थात सूचनामा जनताको निर्वाध पहुँचको अवस्थामा मात्र सम्भव छ । सूचना लुकाउने वा लुक्ने अवस्था जति बढी हुन्छ त्यहाँ भ्रष्टाचार र अनियमितताको सम्भावना त्यति नै बढी हुन्छ । नेपालमा पनि लोकतन्त्रलाई संस्थागत गर्न र शासनको दैनन्दिन प्रक्रियामा नागरिकलाई सहभागी गराउन सूचनाको हकलाई संविधानमै व्यवस्थित गरी १७ वर्षअघि ऐन ल्याइएको हो । तर यस अवधिको मूल्याङ्कनका आधारमा के भन्न सकिन्छ भने कार्यान्वयनका सन्दर्भमा सन्तोष मान्न सकिने अवस्था छैन । आमव्यक्तिले त यस हकको समुचित प्रयोग गर्न सकेका छैनन नै मिडिया पनि यो हकको प्रयोगका सन्दर्भमा गम्भीर हुन सकेको छैन । । सूचनाको हक प्रयोग गरी मिडियाले समाचार संहलन र सम्प्रेषणको कार्यलाई तीव्रता प्रदान गर्न सक्यो भने विद्यमान अवस्थामा सुधार आउने अपेक्षा गर्न सकिन्छ र यसले समृद्धिको दुरुह यात्रालाई सम्भव बनाउन सक्छ ।

आजको महत्वपूर्ण दिनका सन्दर्भमा एउटा अर्को कुरा पनि विचारणीय छ । त्यो के भने, कतिपय सूचनादाताबाट यो कानुन जान्ने व्यक्तिबाट यदाकदा दुरुपयोग हुने खतरा पनि बढेको गुनासो आउने गरेको छ । एकातिर ठूलो संख्यामा सम्बद्ध व्यक्तिबाट यो कानुनको प्रयोग नहुनु र अर्कोतफ केही जान्नेबाट यसको दुरुपयोग हुने सम्भावना बढने अवस्था निकै विरोधाभाषपूर्ण छ । यसबारे पनि आयोग गम्भीर हुनु जरुरी छ । साँच्चै यस्तो अवस्था हो भने यो कानुनको प्रभावकारिता र लोकप्रियतामाथि प्रश्नचिन्ह तेर्सिन सक्छ । यो विषय निकै दुःखद हुनेमा विमति हुन सक्दैन ।

यो हकको कार्यान्वयनका सन्दर्भमा सार्वजनिक निकायमा अर्को समस्या पनि देखिने गरेको छ । प्रायःजसो कर्मचारी सूचना अधिकारीको भूमिका निर्वाह गर्न सहजै तयार हुँदैनन् । यो दायित्व निर्वाहका लागि कसैले कुनै आकर्षण बोध गर्दैनन् । कानुन जारी भएको १७ वर्ष बितिसक्दा पनि यस दायित्वलाई पेशागत पदका रुपमा रुपान्तरण गर्न सकिएको छैन । एउटै कर्मचारीले दोहोरो जिम्मेवारी वहन गर्नुपर्ने र यस्तो दोहोरो जिम्मेबारी वहन गरेवापत आकर्षणका रुपमा लिन नसकिने कुनै सेवा सुविधा वा अवसर उसले नपाउने अवस्था छ । तर सूचना अधिकारीका रुपमा थप दायित्व ब्यहोर्ने क्रममा सम्बद्ध कर्मचारी सम्भावित जोखिम मोल्नुपर्ने बाध्यतामा भने हम्मेसी रहन्छ । यस्तो अवस्थामा त्यस्तो कर्मचारी सूचना मागको संस्कृति विकसित नहोस् भन्ने चाहन्छ भने निश्चय पनि यसले एक फरक वहस निम्त्याउनेछ । यस्तोमा सरकारी सेवामा अन्य सेवा समूहजस्तै सूचना सेवा वा समूहको फरक व्यवस्था गरी स्थानीयदेखि सङ्घसम्म कर्मचारीको 'क्यारियर' सुनिश्चित गर्नु जरुरी छ र यसका लागि सूचना आयोग पनि क्रियाशील हुनु अपेक्षित छ । माथि उल्लेख गरिएका अवस्थामा सुधार ल्याउन सकेका खण्डमा यो ऐनको कार्यान्वयनमा थप उपलब्धि प्राप्त हुने पक्का छ ।

*(लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ)रासस*

# मनोनीत केन्द्रीय सदस्यलाई शपथ गराइँदै




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले थप गरेका दुई सय ५१ केन्द्रीय सदस्यलाई यही भदौ ९ गते काठमाडौँमा शपथ गराउने भएको छ ।

महाधिवेशन सम्पन्न भएलगत्तै मनोनीत ती सदस्यलाई पार्टी अध्यक्ष माधवकुमार नेपालले शपथ गराएपछि औपचारिक रूपमा पदीय जिम्मेवारी तथा सङ्गठनका गतिविधिमा सदस्यलाई क्रियाशील गराइने छ । पार्टीले केन्द्रीय सदस्यमा नपरेका नेतालाई विभिन्न विभागमा व्यवस्थापन गर्न लागेको हो ।

पार्टीले केन्द्रीय कमिटी सदस्यलाई अनिवार्य उपस्थितिका लागि निर्देशन दिएको छ । शपथ ग्रहण कार्यक्रमपछि सोही दिनदेखि सुरु हुने केन्द्रीय समिति बैठकमा केन्द्रीय विभागका संरचनाको निर्माणका लागि छलफल गरिने छ ।

बैठकले पदाधिकारी छनोटका लागि कार्यविधि तथा मापदण्ड बनाउने केन्द्रीय सदस्य सोमप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।पदाधिकारीका आकाङ्क्षी धेरै भएपछि सातै प्रदेशबाट भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर केन्द्रीय कमिटीको पूर्ण बैठकले पदाधिकारी चयन गर्न मापदण्ड बनाउन लागेको छ । बैठकले क्लष्टरका आधारमा केन्द्रीय कमिटीमा नेतालाई व्यवस्थापन गर्ने विषयमा समेत छलफल सोही बैठकमा गरिनेछ ।


नेताहरुको योगदान तथा कार्यक्षमताका आधारमा पार्टीले युवा, दलित, जनजाति, अल्पसंख्यक, पिछडिएका वर्गलाई पदाधिकारीमा समेट्ने जनाएको छ । पार्टीमा तीन सय ४४ सदस्यीय केन्द्रीय कमिटीमा अहिले अध्यक्ष, सम्मानित नेता र महासचिव गरी तीन पदाधिकारी छन् । पार्टीमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, उपमहासचिव, कोषाध्यक्षसहित १८ पदाधिकारी रिक्त रहेकाले नेताहरूको योगदान र कार्यक्षमताका आधारमा पदाधिकारी छनोट गरिने नेता पाण्डेयले जानकारी दिनुभयो ।रासस

# शान्ति प्रक्रियाको जग: सिक्लेस

गण्डकी ।"तुल, ब्यानर र भण्डाले गाउँ नै रातामे थियो, तत्कालीन जनमुक्ति सेनाले पहरा दिएको थियो", शिक्षक गेहेन्द्र गुरुङले विगत सम्झँदै भन्नुभयो, "सिक्लेस गाउँमा माओवादी शीर्षनेता शिविरमा बसेका थिए ।" यो विसं २०६३ जेठको अन्तिम साताको कुरा हो । कास्कीको उत्तरपूर्वी गाउँ सिक्लेसमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को केन्द्रीय प्रशिक्षण चलिरहेको थियो ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', बाबुराम भट्टराईलगायत उच्च तहका नेताहरु प्रशिक्षणमा सहभागी थिए । "अध्यक्ष दाहालगायत नेताहरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको भवनमा बस्नुभएको थियो, अन्य नेता, कार्यकतासहित समाजघरमा बाँडिएर बसेका थिए", शिक्षक गुरुङले भन्नुभयो । माओवादी र तत्कालीन सात राजनीतिक दलबीच विसं २०६२ मङ्सिरमा भएको १२ बुँदे समझदारीपछि शान्ति प्रक्रियाको जग बसेको ठानिए पनि दुईपटकसम्म भएका शान्तिवार्ता असफल भएका थिए ।

तथापि १२ बुँदे समझदारीलाई निष्कर्षमा पुर्याउन माओवादी र सात राजनीतिक दलका नेताहरू प्रतिबद्ध थिए । नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले माओवादीसँगको वार्तालाई सघन रूपमा अगाडि बढाइरहेको थियो । सोही सिलसिलाको एउटा महत्त्वपूर्ण कडीका रूपमा लिने गरिन्छ सिक्लेस वार्तालाई । अध्यक्ष दाहाल भूमिगत जीवनबाट पहिलोपटक सिक्लेसमा सार्वजनिक हुनुभएको थियो ।



हेलिकप्टर लिएर सिक्लेस पुग्नुभएका तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलासहितको सरकारी वार्ता टोली र माओवादी अध्यक्ष दाहालसहितका नेताबीच पर्यटकीय गाउँ सिक्लेसमा विसं २०६३ जेठ २८ मा भेटवार्ता भएको थियो । अध्यक्ष दाहाल र नेता भट्टराई त्यसको दुई दिनअघि नै सिक्लेस पुग्नुभएको थियो । जेठ २८ को सिक्लेस वार्ता नै दशवर्षे द्वन्द्वको बैठान र शान्तिको प्रस्थानबिन्दुका रूपमा चिनिन पुग्यो । सिक्लेस वार्ताको सफलतापछि माओवादी अध्यक्ष दाहाल र बाबुराम भट्टराई विसं २०६३ असार २ गते बालुवाटारमा सार्वजनिक हुनुभएको थियो ।

सोही दिन बालुवाटरमा माओवादी र सात राजनीतिक दलबीच भएको आठ बुँदे सहमतिका आधारमा विसं २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो । विस्तृत शान्ति सम्झौतापछि संविधानसभा हुँदै मुलुक लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ । शान्ति सम्झौतामार्फत द्वन्द्वलाई शान्तिमा रुपान्तरण गरेको माओवादी मूलधारको राजनीतिमा आएको पनि १८ वर्ष बितिसकेको छ ।

बालुवाटारमा पहिलोपटक सार्वजनिक हुनुपूर्व तत्कालीन गृहमन्त्री सिटौलासँग अध्यक्ष दाहाल र नेता भट्टराईबीच सिक्लेसमा रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को सभाकक्षमा भेटवार्ता भएको थियो । त्यो बेला जनमुक्ति सेनाबाट नेताहरूको सुरक्षार्थ सिक्लेसमै खटिनुभएका नेकपा (माओवादी केन्द्र) कास्कीका इञ्चार्ज दीपक कोइरालाले वार्ता सफल भएपछि विसं २०६३ असार २ गते अध्यक्ष दाहाल र नेता भट्टराई बालुवाटारमा सार्वजनिक भएको बताउनुभयो ।

"वार्तामा समझदारी जुटेपछि गृहमन्त्री सिटौला काठमाडौँ फर्किनुभयो, पुन असार २ गते उहाँ आएपछि अध्यक्ष दाहालसहितका नेताहरु पोखराको लामाचौरबाट हेलिकप्टरमा काठमाडौँ जानुभएको हो", उहाँले भन्नुभयो । इञ्जार्च कोइरालाले अध्यक्ष दाहालसहितका नेताहरू सिक्लेसबाट हिँडेरै पोखरा महानगरपालिका-१६ मा पर्ने लामाचौरमा आएको सुनाउनुभयो ।

जनमुक्ति सेनाको सुरक्षा घेराबीच सिक्लेस वार्ता भएको उहाँले बताउनुभयो । पार्टी प्रशिक्षण र सांस्कृतिक कार्यक्रमको सुरक्षार्थ जनमुक्ति सेना सिक्लेसमा खटिएका थिए । माओवादी अध्यक्ष दाहालले सिक्लेसमा सार्वजनिक मञ्चबाट पहिलोपटक भाषण गरेको इञ्चार्ज कोइरालाले बताउनुभयो । "शान्ति प्रक्रिया टुङ्गोमा पुग्दै गर्दा सिक्लेस बिर्सन नहुने ठाउँ हो, त्यहाँ भएको वार्ताले विस्तृत शान्ति सम्झौतासम्मको बाटो तय गरेको थियो", इञ्चार्ज कोइरालाले भन्नुभयो, "राजनीतिक दलहरूबीचको बृहत् सहमतिका साथ टिआरसी विधेयक पारित भएकाले अब शान्ति प्रक्रियाका बाँकी कामले छिट्टै निकास पाउनेछ र देश दिगो शान्ति र स्थिरतामार्फ अगाडि बढ्नेछ ।"

बेपत्ता पारिएका व्यक्तिको खोजबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन (टिआरसी) विधेयक बुधबार प्रतिनिधिसभाबाट पारित भएसँगै शान्ति प्रक्रिया निष्कर्षतिर अगाडि बढेको छ । तत्कालीन सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता भएको १८ वर्षपछि सङ्क्रमणकालीन न्याय निरुपण टुङ्गोमा पुग्ने अवस्था बनेको हो । मादी गाउँपालिका-१ सिक्लेसका वडाध्यक्ष देवीजङ्ग गुरुङले सिक्लेसबाट सुरु भएको शान्ति स्थापनाको पहलले अन्तिम रूप लिन लागेकामा खुसी व्यक्त गर्नुभयो । "शान्ति वार्ता हुँदा म भर्खर ७ कक्षामा पढ्दै थिएँ, माओवादीले विद्यार्थीलाई पनि कार्यक्रममा लैजान्थे, एक किसिमको त्रास त थियो, तर सिक्लेसमा ततकालीन द्वन्द्वका समयमा कुनै अप्रिय घटना भने भएन", वडाध्यक्ष गुरुङले भन्नुभयो, "शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण परिघटनाको साक्षी सिक्लेस गाउँ र यहाँका बासिन्दा पनि हुन् ।" जोखिमका बीच पनि गाउँलेले माओवादीका नेता, कार्यकर्तालाई आतिथ्यता दिएर महत्त्वपूर्ण योगदान गरेको उहाँको भनाइ छ ।

"माओवादी कार्यकर्ताले स्थानीय बासिन्दाको काममा पनि सघाउने गर्थे, कोदो रोप्दा, रोपाइँमा साथ लागेर काम गर्थे", वडाध्यक्ष गुरुङले भन्नुभयो । सिक्लेस भएको वार्ताको स्मरण र शान्ति प्रक्रियाको प्रारम्भस्थलको प्रतीकका रूपमा वार्ता भएकै ठाउँमा शान्ति स्मारकसमेत निर्माण गरिएको उहाँले बताउनुभयो । मादी गाउँपालिकाको आर्थिक सहयोग र जनश्रमदान जुटाएर 'एक्याप'को कार्यालय परिसरमा निर्माण गरिएको शान्ति स्मारकको विसं २०७५ मङ्सिर २४ गते माओवादी अध्यक्ष दाहालले नै अनावरण गर्नुभएको थियो । तत्कालीन गृहमन्त्री एवं सरकारी वार्ता टोलीका संयोजक सिटौला पनि शान्ति स्मारकको अनावरणमा पुग्नुभएको थियो ।

शान्ति स्मारकछेउ गुरुङ संस्कृति झल्काउने गोलघर पनि निर्माण गरिएको वडाध्यक्ष गुरुङले बताउनुभयो । उक्त गोलघरलाई शान्ति सङ्ग्रहालयका रूपमा विकास गर्ने योजना रहेको उहाँले सुनाउनुभयो । सिक्लेस पुग्ने पर्यटकका लागि शान्ति स्मारकले पनि नयाँ आकर्षण थपेको उहाँले बताउनुभयो । स्मारक अनावरणका क्रममा सिक्लेस आउँदा माओवादी अध्यक्ष दाहालले सिक्लेसको विकासका लागि पहल लिने प्रतिबद्धता जनाए पनि अपेक्षित उपलब्धि हासिल नभएको वडाध्यक्ष गुरुङले बताउनुभयो । माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहालले त्यो बेला सिक्लेसलाई शान्ति प्रक्रियासँग जोडिएको ऐतिहासिक महत्वको स्थलका रूपमा विकास गरिने बताउनुभएको थियो ।

शान्ति प्रक्रियालाई सम्झाउने सिक्लेस पर्यटकीय दृष्टिले उत्तिकै महत्त्वपूर्ण छ । हिउँचुलीको काखमा झुरुप्प परेको बस्तीले सिक्लेसलाई मनप्रिय बनाएको छ । वरिपरि हरिया वनपाखा र खर्क त्यहाँका आकर्षण हुन् । सिरसिरे लेकाली हावा । उस्तै चराको चिरबिर । तलपट्टि सुसाइरहेको मादीखोला । सिक्लेसको भूगोल आफैँमा चित्रमय लाग्छ । हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने यो गुरुङ बाहुल्य गाउँ प्रकृति र संस्कृतिको सङ्गम हो । ग्रामीण पर्यटनको अनुपम धरोहर हो ।

पर्यटकीय राजधानी पोखराबाट ४१ किमी दूरीमा पर्ने सिक्लेस पदयात्राका लागि बढी लोकप्रिय छ । पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार आठ सय मिटरको कोरी लेकसम्म पुग्ने गरेका छन् । सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईटा पदमार्ग छन् । वडाध्यक्ष गुरुङले दुई दशकअघि सिक्लेसमा पर्यटन व्यवसायको जग बसेको बताउनुभयो ।

उहाँका अनुसार सिक्लेस, कोरीलगायतका क्षेत्रमा दर्जनौँ होमस्टे र होटल सञ्चालनमा छन् । सिक्लेस पुग्ने पर्यटक गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस उद्यान, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेशभूषा, झाँकी, नाचगीत आदिमा रमाउँछन् । पदयात्रा रुचाउने पर्यटकले छोटो र लामो दूरीको पदयात्रा तय गर्छन् । पोखराबाट दुई/अढाइ घण्टाको मोटरयात्रामा सिक्लेस पुगिन्छ । पोखरा-सिक्लेस सडक स्तरोन्नति भइरहकाले यातायात सेवा पनि सहज बन्दै गएको छ ।रासस

# धितोपत्र विधेयक संसद्मा दर्ता

काठमाण्डु । धितोपत्रसम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद्मा दर्ता भएको छ । प्रचलित धितोपत्र ऐन कार्यान्वयनमा आएको लामो समय भएको र पुँजी बजारमा आएको परिवर्तनसँगै नियामक निकाय एवं नियमन कार्यलाई थप प्रभावकारी बनाइ विद्यमान कानुनी व्यवस्था समयानुकूल संशोधन र परिमार्जन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो ।



धितोपत्र निष्काशन र व्यवस्थित कारोबार तथा धितोपत्र बजारको प्रभावकारी नियमन गर्न विद्यमान कानुनी व्यवस्थालाई समसामयिक संशोधन गर्न आवश्यक भएकाले सरोकारवाला निकायको सहभागिता तथा परामर्शमा धितोपत्रसम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार पारी संसद्मा दर्ता भएको अर्थ मन्त्रालयले जनाएको छ । उक्त विधेयक अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत शुक्रबार संसद्मा दर्ता गर्नुभएको हो । यो विधेयकलाई सङ्घीय संसद्मा पेस गर्न मन्त्रिपरिषद्बाट गत असार १७ गते स्वीकृति दिइएको थियो ।

पुँजी परिचालन तथा पुँजी बजारको विकास, लगानीकर्ताको हित संरक्षण एवं नियमनलगायतको कार्यका लागि अहिले धितोपत्रसम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा छ । उक्त ऐन बमोजिम स्थापित नेपाल धितोपत्र बोर्डले सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबारलाई व्यवस्थित र नियमनलगायतको कार्य गर्दै आएको छ ।

धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्तालाई हुनसक्ने क्षतिबाट जोगाउन क्षतिपूर्ति कोष तोक्न सक्ने सम्बन्धी व्यवस्था विधेयकमा राखिएको छ । त्यस्तै केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्था स्थापना गर्नुअघि बोर्डको सहमति लिनुपर्ने व्यवस्था राखिएको छ । केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि अनुमति लिनुपर्नेछ । केन्द्रीय निक्षेप सेवा भन्नाले विद्युतीय (डिजिटल) माध्यमबाट सङ्गठित संस्थाको धितोपत्रको अभौतिकरण गर्ने र त्यस्तो धितोपत्रको केन्द्रीय अभिलेख राख्ने सेवाका रुपमा परिभाषित गरिएको छ ।

'डेरिभेटिभ मार्केट' को व्यवस्था पनि धितोपत्र विधेयकमा राखिएको छ । "डेरिभेटिभ भन्नाले धितोपत्र बजारमा क्रेता र बिक्रेताबीच सूचीकृत धितोपत्र वा त्यसको मूल्य वा सुचकाङ्कको आधारमा कम्तीमा ३० दिनपछि खरिद वा बिक्री गर्न गरिएको फर्वार्ड, फ्युचर्स, अप्सन वा स्वापजस्ता धितोपत्र बजारमा कारोबार हुने करारजन्य वित्तीय उपकरण सम्झनुपर्छ", विधेयकमा भनिएको छ ।

विशिष्टीकृत लगानी कोष सञ्चालन गर्ने विषय पनि विधेयकमा राखिएको छ । विशिष्टीकृत लगानी कोष भन्नाले बोर्डमा दर्ता भएको प्राईभेट ईक्विटी फण्ड, भेञ्चर क्यापिटल फण्ड, हेज फण्ड वा त्यस्तै प्रकृतिको अन्य कोषलाई जनाउने उल्लेख छ । धितोपत्रको कारोबारमा मार्जिनको सीमा, त्यसमा लाग्ने ब्याज शुल्क तथा मार्जिन कारोबार सम्बन्धी अन्य व्यवस्था तोक्न सकिने विधेयकमा राखिएको छ ।

विद्यमान व्यवस्थाअनुसार नेपाल धितोपत्र बोर्डमा नेपाल उद्योग वाणिज्य महासङ्घको प्रतिनिधि र एक जना विज्ञ सदस्यको रुपमा रहने व्यवस्था रहेकामा त्यसलाई हटाइएको छ । त्यस्तै, धितोपत्र बोर्डले प्रादेशिक शाखा खोल्न पाउने व्यवस्था पनि विधेयकमा छ । धितोपत्र ट्रष्टीको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य तथा अधिकारी र शूल्य तोक्नसक्ने सम्बन्धी नयाँ व्यवस्था ल्याउन लागिएको छ । हाल धितोपत्र सम्बन्धी ऐनमा ट्रष्टीसम्बन्धी व्यवस्था छैन । हितग्राही वा लगानीकर्ताको हित तथा स्वार्थ संरक्षण, पुँजी बजारलाई थप सुरक्षित र व्यवस्थित गर्न ट्रष्टी सम्बन्धी व्यवस्था गरिएको विधेयकमा उल्लेख छ ।धितोपत्र बोर्डको अध्यक्ष, कार्यकारी निर्देशक र उपकार्यकारी निर्देशकहरु अवकाश भइसकेपछि वा पदबाट हटेपछि बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थामा काम गर्न नपाउने व्यवस्था पनि विधेयकमा गरिएको छ ।रासस

# शान्तिप्रक्रियालाई चाँडै निष्कर्षमा पु-याउँछौँ : गृहमन्त्री लेखक




काठमाण्डु । गृहमन्त्री रमेश लेखकले विगत १८ वर्षदेखि थाती रहेको शान्तिप्रक्रिया निष्कर्षमा पु-याउन वर्तमान सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

'चौपातो नेपाल'द्वारा सोमबार कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा आयोजित विशिष्ट प्रतिभा सम्मान तथा बृहत् साङ्गीतिक काव्य गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले शान्तिप्रक्रिया अन्तिम चरणमा पुगेको बताउनुभयो । मुलुकका प्रमुख दुई राजनीतिक दल मिलेर बनेको वर्तमान सरकार देशमा दिगो शान्ति र सुशासन कायम गरी जनतामा देखिएको निराशा चिर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

"राजनीतिक अस्थिरताले उत्पन्न निराशालाई आशामा बदल्न नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समीकरण बनेको हो", उहाँले भन्नुभयो । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी चरित्रको राज्य निर्माण गर्ने काम भए पनि राजनीतिक स्थिरता दिन नसक्दा निराशा बढेको गृहमन्त्री लेखकको भनाइ थियो ।

"सरकार निर्माणका क्रममा विभिन्न राजनीतिक दल सम्मिलित समीकरण बन्ने र भत्किने क्रम चल्यो । सरकारको अस्थिरताको सबै क्षेत्रमा प्रभाव पर्न थाल्यो । विधिको शासन सुनिश्चित गर्न वर्तमान सरकार गठन गर्न आवश्यक भयो," उहाँले भन्नुभयो ।

शिथिल भएको अर्थतन्त्रलाई गतिशील बनाउन, विकास निर्माणका काम द्रुतगतिमा अगाडि बढाउन, सुशासन स्थापित गर्न, शान्ति कामय गर्न र रोजगारी सिर्जना गर्न वर्तमान सरकार बनेको गृहमन्त्री लेखकले स्पष्ट गर्नुभयो । "सामान्यतया संसद्मा रहेका ठूला दल मिलेर सरकार बनाउने अभ्यास स्वाभाविक देखिँदैन । कतिपय अवस्थामा स्वाभाविक मानिँदैन", गृहमन्त्री लेखकले भन्नुभयो, "तर मुलुकमा महत्वपूर्ण 'एजेन्डा' अगाडि आउँछन् । त्यसको कार्यसम्पादन गर्नुपर्ने हुन्छ । राष्ट्रका साझा कार्यभार सम्बोधन गर्नुपर्ने हुन्छ । त्यस्तो बेलामा देशका ठूला पार्टी एक ठाउँमा उभिएका हाम्रो इतिहास छ ।"

सुदूरपश्चिम प्रदेशलाई भारत र चीनसँग जोड्न चाँडै दार्चुलाको तिङ्करमा अध्यागमन कार्यालय स्थापन गर्ने सरकारको योजना रहेको गृहमन्त्री लेखकले बताउनुभयो । महाकाली करिडोर, सेती लोकमार्गलगायत महत्त्वपूर्ण परियोजना अगाडि बढाएर छिमेकी देश भारत तथा चीनसँग जोड्न लागिएको उहाँको भनाइ थियो । "तिङ्कर नाकामा अध्यागमन कार्यालय स्थापना गरी तेस्रो मुलुकका नागरिकलाई कैलाश मानसरोवर जाने बाटो बनाउने योजना अगाडि बढाएका छौँ । सुदूरपश्चिमबाट भारत र चीनलाई जोड्ने काम गर्छौं । यसले सुदूरपश्चिमको विकासमा टेवा पुग्छ", उहाँले भन्नुभयो ।

सो अवसरमा सुदूरपश्चिमको भाषामा अमूल्य योगदान दिएका आरडी प्रभाष चटौत, नारी सशक्तीकरण र साहित्य लेखनमा योगदान दिएकी विजया श्रेष्ठ केसी, नेपाली राष्ट्रिय महिला भलिबल टोलीका मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्ट, नेपाली शास्त्रीय गीत-सङ्गीतको क्षेत्रका तिलकसिंह पेला, प्रशासन क्षेत्रमा योगदान पुर्‍याएका डा हरिदत्त पाण्डेय र साहित्यमा योगदान दिएका हेमबाबु लेखकलाई सम्मान गरिएको थियो । यस्तै सुदूरपश्चिमको भाषामा योगदान दिएका डम्बर शर्मा बडूलाई मरणोपरान्त सम्मान गरिएको छ ।रासस

# परराष्ट्रमन्त्री राणा र भारतीय विदेशमन्त्री जयशङ्करबीच भेटवार्ता

काठमाण्डु । भारतको औपचारिक भ्रमणका क्रममा नयाँ दिल्लीमा रहनुभएकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र भारतीय समकक्षी विदेशमन्त्री एस. जयशङ्करबीच सोमबार दिउँसो नयाँ दिल्लीमा भेटवार्ता भएको छ ।

उहाँहरुबीच द्विपक्षीय हित, नेपाल-भारत सम्बन्धका विविध पक्ष, आपसी सहयोग आदानप्रदान र सहकार्यबारे छलफल भएको मन्त्री राणाको सचिवालयले जनाएको छ । मन्त्री डा राणालाई भारतीय विदेशमन्त्री एस जयशङ्करले स्वागत गर्नुभएको थियो । भारतीय विदेशमन्त्री एस.




जयशङ्करको निमन्त्रणामा मन्त्री डा राणा भारतको औपचारिक भ्रमणका लागि आइतबार नयाँ दिल्ली पुग्नुभएको हो । यो उहाँ परराष्ट्रमन्त्री नियुक्त भएपछिको पहिलो विदेश भ्रमण हो । मन्त्री डा राणा यही भदौ ६ गते स्वदेश फर्कनुहुने तालिका छ ।रासस

# जनताको अधिकार खोस्न खोजिएको होइन : उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले संविधान संशोधन गरेर जनताको अधिकार खोस्न खोजेको भनेर भइरहेको प्रचारमा सत्यता नभएको बताउनुभएको छ ।

काठमाडौँमा सोमबार आयोजित एक कार्यक्रममा बोल्दै उहाँले नेपाली कांग्रेस र नेकपा (एमाले) जनताको अधिकारका लागि लडेको दल भएको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "संविधान संशोधन गरेर सरकारले भएको अधिकांश व्यवस्था कटौती गर्छ भन्ने दुष्प्रचार भइरहेको छ, कांग्रेस र एमाले अधिकारका लागि लडेको दल हो, यी दुई दल सरकारमा गएर त्यो कटौती हुँदैछ भनेर गरिएको हल्लामा कुनै सत्यता छैन ।"

राजनीतिक स्थायित्व दिन कांग्रेस एमालेसँग मिलेको उपप्रधानमन्त्री सिंहले बताउनुभयो । "सात/आठ महिनामा सरकार परिवर्तन भइराख्ने, टिक्ने वा नटिक्ने अन्योलमा रहने सरकारले केही गर्न नसक्ने भएकाले ठूला दुई दल मिलेको छौँ, यो सरकार बनेपछि अर्थतन्त्रलाई लयमा ल्याउन सकारात्मक प्रयास भइरहेको छ, अर्थतन्त्रलाई अगाडि बढाउन सरकारले काम गरेर देखाउँछ ।"रासस

# भारतीय प्रधानमन्त्री मोदीले युक्रेनको भ्रमण गर्दै

एएफपी

नयाँदिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेनको भ्रमण गर्न लाग्नुभएको भारतीय विदेश मन्त्रालयले सोमबार जानकारी गराएको छ।

राष्ट्रपति भ्लादिमिर पुटिनलाई अँगालो हालेको भन्दै युक्रेनले आलोचना गरेको केही हप्तापछि उहाँको भ्रमण तय भएको हो ।भारतीय विदेश मन्त्रालयले भ्रमणको मिति भने खुलाएको छैन तर भारतीय सञ्चारमाध्यमका अनुसार पोल्याण्ड र युक्रेनको यो भ्रमण यसै साताको अन्त्यमा हुनेछ।

मस्कोसँग आफ्नो देशको ऐतिहासिक न्यानो सम्बन्ध कायम राख्ने र क्षेत्रीय प्रतिद्वन्द्वी चीनविरुद्ध पश्चिमा राष्ट्रहरूसँग घनिष्ठ सुरक्षा साझेदारी कायम गर्नेबीचको सन्तुलनलाई कमजोर बनाएको आरोप उहाँका आलोचकहरूले लगाउने गरेका छन् । उहाँको सरकारले द्वन्द्व सुरु भएको दुई वर्षभन्दा बढी अवधिमा युक्रेनमा रूसले गरेको आक्रमणको स्पष्ट विरोध गरेको छैन तर दुवै पक्षलाई वार्ताका माध्यमबाट आफ्ना मतभेदहरू समाधान गर्न



आग्रह गरेको छ।

जुलाईमा युक्रेनका विभिन्न शहरमा रूसी आक्रमणका कारण तीन दर्जनभन्दा बढी व्यक्तिको मृत्यु भएको र किएभस्थित एक बाल अस्पतालमा ठूलो क्षति भएको केही घण्टापछि मोदीको मस्को भ्रमण भएको थियो ।भारत र रूसबीच शीतयुद्धदेखि नै घनिष्ठ सम्बन्ध रहँदै आएको छ, जसका कारण क्रेमलिन भारतलाई हतियार उपलब्ध गराउने प्रमुख राष्ट्र बनेको छ।

युक्रेन द्वन्द्व सुरु भएदेखि रूस मूल्य कटौतीसहितको कच्चा तेलको भारतका लागि प्रमुख आपूर्तिकर्ता बनेको छ। यसले पश्चिमी प्रतिबन्धहरू लगाएपछि धेरै आवश्यक निर्यात बजार प्रदान गरेको छ ।यसले उनीहरूको आर्थिक सम्बन्धलाई नाटकीय रूपमा पुनः संरचना गरेको छ । भारतले मस्कोको युद्ध कोषलाई बलियो बनाउन सहयोग गरेको छ भने सहुलियत दरको कच्चा तेलको आयातले भारतको अर्बौं डलर बचत गरेको छ ।तर रूसको युक्रेनसँगको लडाइँमा भारतको पनि मानवीय क्षति भएको छ।

नयाँदिल्लीले रूसी सेनासँग 'सहयाग रोजगार' को लागि सम्झौता गरेका तर पछि युक्रेनमा फ्रन्टलाइनमा लड्न पठाइएका व्यक्तिको सुरक्षाका लागि मस्कोलाई आफ्ना धेरै नागरिकहरू फिर्ता गर्न दबाब दिएको छ। यस द्वन्द्वमा कम्तीमा पाँच भारतीयको मृत्यु भएको छ ।पश्चिमा शक्तिहरूले चीन र एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावविरुद्ध भारतसँग बलियो सम्बन्ध विकास गरेका छन् भने नयाँ दिल्लीलाई रूसबाट टाढा रहन दबाब दिइरहेका छन्।

भारत अमेरिका, जापान र अष्ट्रेलियासँग क्वाड समूहमा सामेल छ जसले एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो आक्रामकताको विरुद्धमा आफूलाई उभ्याएको छ ।मोदीले सन् २०१९ मा पनि रूसको भ्रमण गर्नुभएको थियो र त्यसको दुई वर्षपछि नयाँ दिल्लीमा पुटिनलाई स्वागत गर्नुभएको थियो। त्यसयता भारत रूसको स्पष्ट निन्दाबाट पछि हटेको छ र क्रेमलिनलाई लक्षित गर्ने संयुक्त राष्ट्रसङ्घको प्रस्तावमा अनुपस्थित रहेको छ।

# प्रधानमन्त्री र महिला भलिबल खेलाडीबीच भलाकुसारी



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले रक्षाबन्धनको सोमबार बिहानीका करिब दुई घण्टा राष्ट्रिय महिला भलिबल टोलीसँग व्यतित गर्नुभएको छ । प्रधानमन्त्री ओली, खेल प्रशिक्षक एवं खेलाडीबीच भलिबलले हालसम्म हासिल गरेका उपलब्धि, थप पूर्वाधार विकास र आगामी अन्तर्राष्ट्रिय खेलमा नेपालले कसरी विजय सुनिश्चित गर्न सक्छ भन्ने विषयमा छलफल भएको थियो।

प्रधानमन्त्री निवास, बालुवाटारमा ब्रेकफास्टसँगै मुलुकको कार्यकारी प्रमुखसँग सम्भवतः पहिलो पटक यस प्रकारको भलाकुसारी गर्ने अवसरले आफूहरुलाई उत्साहित तुल्याएको खेल नेतृत्वकर्ता, प्रशिक्षक र खेलाडीहरुले बताए । प्रधानमन्त्री ओलीसँगको छलफलमा नेपाली महिला भलिबल टोलीका मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्ट, कप्तान अरुणा शाही, नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्द, खेलाडी सरस्वती चौधरीलगायत सहभागी हुनुहुन्थ्यो।

प्रधानमन्त्री ओलीले दुई साताअघि सम्पन्न 'काभा वुमन्स नेसन्स भलिबल प्रतियोगिता' हेर्न आफूले चाहे पनि मन्त्रिपरिषद्को आकस्मिक बैठकका कारण जान नसकेको अवगत गराउँदै खेलाडीको प्रगति, चाहना र मागबारे आफू जानकार रहेको बताउनुभयो। उहाँले प्रतियोगिताका उपविजेता खेलाडीलाई नेपाल सरकारले जनही रु तीन लाख दिने निर्णय गरेको जानकारी गराउनुभयो। खेलाडीहरुले त्यसका लागि प्रधानमन्त्री ओलीप्रति आभार व्यक्त गरेका थिए।

भलिबल खेलको विकासका लागि प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रियस्तरको कभर्ड हल बनाउने सङ्कल्प गर्नुभयो । "सरकारको ढुकुटीमा धेरै रकम छैन, तर हामी गर्नैपर्ने काम गर्नेछौं । आगामी खेलमा जित्छौं, जुन तपाईंहरुको मनोबल छ, त्यो साकार होस्", उहाँले भन्नुभयो, "हामीले खेल खेल्ने जित्नकै लागि हो, त्यसकारण जित्छु भन्ने आशा बोकेर लाग्नुस्। सफलता पक्कै मिल्नेछ।"

प्रधानमन्त्री ओलीले गत महिना रुसी महिला भलिबल खेलाडीहरुले आफूसँगको भेटमा नेपाली टोलीको प्रशंसा गरेको स्मरण गर्दै विश्वस्तरका खेलाडीबाट भएको प्रशंसाभित्र नेपाली टोलीको सम्भावना लुकेको छ, भन्नुभयो ।रासस

# इटालीमा आँधीका कारण डुङ्गा डुब्दा एकको मृत्यु, छ जना बेपत्ता

एएफपी

रोम । इटालीमा डुङ्गा डुब्दा एक जनाको मृत्यु भएको छ भने अन्य छ जना वेपत्ता भएका छन् । सिसिलीको तटीय क्षेत्रमा आएको आँधीका कारण पर्यटनका लागि प्रयोग गरिने एक आरामदायी डुङ्गा डुब्न पुगेको थियो ।उद्धारकर्मीले बेपत्ता भएका अन्य छ जनाको खोजी गरिरहेको अधिकारीहरूले बताएका छन्।

इटालियन कोस्ट गार्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सोमबार बिहान ५:०० बजेको समयमा हिंसात्मक आँधीबेहरीपछि बेलायती ध्वजाबाहके बायेसियन नामक ५६ मिटर लामो डुङ्गा पोर्टिसेलो नजिकै डुबेको छ ।"सामुद्रिक तटीय क्षेत्रमा सुरक्षार्थ तैनाथ गरिएका कोस्ट गार्डका अनुसार हेलिकप्टरको सहयोगमा उद्धारकर्मीले सोमबार एक जनाको शव फेला पारेको र वेपत्ता अन्य छ जनाको खोजी भइरहेको छ।

यद्यपि, सेनाका प्रवक्ताले एएफपीसँग भने, "पानीभित्रको करिब ५० मिटर गहिराइमा भग्नावशेषमा एउटा शव देखिएको तर त्यसलाई अझै पानीबाहिर ल्याउन सकिएको छैन ।" यसअघि कोस्ट गार्डले चार जना बेलायती, दुई जना अमेरिकी र एक जना क्यानेडियन नागरिक हराइरहेको बताएको थियो । कसको शव फेला परेको हो भन्ने बारे तत्काल केही खुल्न सकेको छैन।

डुङ्गामा चालक दलका १० सदस्यसहित २२ जना सवार थिए । उद्धार गरिएकामध्ये आठ जनालाई अस्पताल भर्ना गरिएको छ ।सन् २००८ मा इटालियन जहाज निर्माण कम्पनी पेरिनी नाभीले निर्माण गरेको सुविधासम्पन्न 'बेयसियन' डुङ्गा हो।

'बोट इन्टरनेसनल'को वेबसाइटका अनुसार यसमा ११.५१ मिटर लामो मास्ट हुन्छ र यसको गति प्रतिघण्टा १५.५ नटिकल माइलसम्म पुग्न सक्छ।

# गाजा युद्धविरामका लागि वार्ता 'सम्भवतः अन्तिम' मौका

एएफपी

तेल अभिभ । गाजामा युद्धविरामका लागि दबाब दिन इजरायल पुगेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले युद्ध अन्त्यका लागि जारी वार्ता सहमतिमा पुग्ने 'सम्भवतः अन्तिम' अवसर भएको बताउनुभएको छ।

ब्लिन्केनले इजरायली राष्ट्रपति आइज्याक हर्जोगसँगको भेटमा भन्नुभयो, "यो निर्णायक क्षण हो, सम्भवतः बन्धकहरूलाई घर फर्काउने, युद्धविराम गर्ने र सबैलाई स्थायी शान्ति र सुरक्षाको लागि सही मार्गमा ल्याउने सबैभन्दा राम्रो र सम्भवतः अन्तिम अवसर हो ।"शीर्ष अमेरिकी कूटनीतिज्ञले राष्ट्रपति जो बाइडेनले आफूलाई ' वार्तालाई सही दिशामा लान र अन्ततः युद्धविराम सम्झौता हुँदै स्थायी शान्तिमा बदल्ने जिम्मेवारी दिएर' पठाएको बताउनुभएको छ।



उहाँले भन्नुभयो, "यो काम पूरा गर्ने समय हो । कसैले पनि यो प्रक्रियालाई बिथोल्न सक्ने कुनै पनि कदम नचालोस् भन्ने पनि सुनिश्चित गर्ने समय आएको छ ।"उहाँले थप्नुभयो, "त्यहाँ कुनै आक्रमणमा वृद्धि नहोस्, उत्तेजना नहोस्,सम्झौता प्राप्त गर्नबाट टाढा सार्न सक्ने कुनै पनि कार्यहरू नहून् भन्ने सुनिश्चित गर्न आवश्यक छ ।" अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि मध्यपूर्वको नवौं भ्रमणमा रहेका ब्लिन्केनले सोमबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गर्ने कार्यक्रम छ।

इरान र लेबनानी सशस्त्र समूह हेजबुल्लाहले हालै दुई लडाकू नेताको हत्याको बदला लिने चेतावनी दिएपछि इजरायलमा यो 'डरलाग्दो क्षण' भएको र क्षेत्रीय तनाव बढाउने कुनै पनि कदम नचाल्न अमेरिकी विदेशमन्त्री ब्लिङकेनले चेतावनी दिनुभएको छ । गाजामा अक्टोबर ७ मा भएको आक्रमणपछि गाजामा बन्धक बनाइएकाहरूलाई जतिसक्दो चाँडो फिर्ता गर्नु इजरायली सरकार र नागरिकको चाहना रहेको राष्ट्रपति हर्जोगले बताउनुभयो । हर्जोगले ब्लिन्केनलाई भन्नुभयो, "हाम्रा बन्धकहरूलाई फिर्ता ल्याउनुभन्दा ठूलो मानवीय उद्देश्य र कारण अरू केही छैन।"

# एक महिनामै उप्कियो रङ्गशालाको 'सेन्थेटिक ट्र्याक'



जानकी । बाँकेस्थित नेपालगञ्ज रङ्गशालामा निर्माण गरिएको 'सेन्थेटिक ट्र्याक' एक महिनामै उप्किएको छ। राष्ट्रिय खेलकुद परिषद्ले नेपालगञ्ज रङ्गशालामा उक्त 'सेन्थेटिक ट्र्याक' लगाएको थियो।

राखेपले 'सेन्थेटिक ट्र्याक' निर्माण गर्न ठेकेदार कम्पनी ' पञ्चकन्या साइनकोट्स जेभी' ललितपुरलाई ठेक्का दिएको थियो । निरन्तरको वर्षासँगै 'सेन्थेटिक ट्र्याक' उप्किएपछि स्थानीयवासीले उक्त 'सेन्थेटिक ट्र्याक'को गुणस्तरमाथि प्रश्न उठाएका छन्। नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष एवं नागरिक अगुवा कृष्णप्रसाद श्रेष्ठले उप्किएको 'सेन्थेटिक ट्र्याक'को गुणस्तरबारे छानबिन गर्नुपर्ने माग गर्नुभयो।

"निर्माण सम्पन्न भएको एक महिनामै ट्र्याक उप्किनु भनेको एकदमै कम गुणस्तरको सामान प्रयोग भएको भन्ने बुझ्नुपर्दछ", उहाँले भन्नुभयो। ठेकेदार कम्पनीले उक्त ट्र्याक राखेपलाई हस्तान्तरण गर्न बाँकी छ। 'सेन्थेटिक ट्र्याक' निर्माणका क्रममा राखेपले केन्द्रबाटै इञ्जिनियर तथा कर्मचारी टोली खटाएको थियो । लुम्बिनी प्रदेश र जिल्लास्थित खेलकुदका पदाधिकारीका अनुसार निर्माण गर्ने छुट्टै अनुगमन समिति नहुँदा ठेकेदार कम्पनीले मनपरी काम गर्दै आएको छ । राष्ट्रिय खेलकुद परिषद, सम्पर्क कार्यालय नेपालगन्जका प्रमुख महेश चन्दले सेन्थेटिक ट्र्याक निर्माणका क्रममा खटिएका प्राविधिक टोली काठमाडौँमा रहेको र आफु यस विषयमा अनविज्ञ रहेको बताउनुभयो । "कामको प्राविधिक भाग हेर्ने निकाय काठमाडौँमा हुनुहुन्छ । हामीले यहाँ हेर्दा ठेकेदारले काम गरेकै देखिन्थ्यो । कहाँनेर के कुरा नमिलेर ट्र्याक उप्कियो, हामी पनि अनविज्ञ छौं", उहाँले भन्नुभयो, "यो खेलप्रेमीका लागि मात्र नभई राखेप लजिज्त हुनुपर्ने विषय बन्न पुग्यो ।" ट्र्याक उप्किएको विषयमा राखेप केन्द्रीय कार्यालयलाई जानकारी गराइसकेको चन्दले बताउनुभयो। उहाँले भन्नुभयो, "मैले यो विषयमा राखेपलाई जानकारी गराई सकेको छु। माथिबाट विज्ञ टोली आएर छानविन गरेपछि वास्तविक पत्ता लाग्ला।" जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष चेतकान्त भट्टराईले खेल क्षेत्रको विकासका लागि राखेप जिम्मेवार नभएकै कारण संरचना नबन्दै भत्कने गरेको बताउनुभयो। "एक महिनामै 'सेन्थेटिक ट्र्याक' उप्कनुले राखेपको गैरजिम्मेवारीपन प्रष्ट दखिएको छ" उहाँले भन्नुभयो, "करोडौंको ठेक्कामा गुणस्तरलाई मध्यनजर गर्न आवश्यक थियो । गुणस्तरमा ध्यान नदिएकै कारण आज नेपालगञ्ज रङ्गशालाको यो दुर्दशा हुन पुगेको हो।"

राखेपले सन् २०२३ मार्च २३ मा उक्त 'सेन्थेटिक ट्र्याक' निर्माण गर्न रु नौ करोड ८६ लाख ४० हजार आठ सय ३२ मा ठेक्का सम्झौता गरेको थियो। सो कम्पनीले सन् २०२४ जनवरी ५ मा काम सम्पन्न गरिसक्नुपर्ने थियो । तर, ठेकेदार कम्पनीले गत असार मसान्तमा मात्र काम सम्पन्न गरेको हो ।रासस

# रूसद्वारा जर्मनीलाई नोर्ड स्ट्रिम पाइपलाइन विस्फोटको अनुसन्धान गर्न आग्रह



सिन्ह्वा

मस्को ।रूसले नोर्ड स्ट्रिम पाइपलाइन विस्पोटको अनुसन्धान गर्न जर्मनीसँग अनुरोध गरेको रूसी विदेश मन्त्रालयका अधिकारीले सोमबार बताएका छन्।

आतङ्कवादविरुद्धको लडाइँमा अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न जर्मनीले वार्ताका लागि दबाब दिइरहेको रूसी विदेश मन्त्रालयका तेस्रो युरोपेली विभागका निर्देशक ओलेग टायपकिनले बताउनुभएको छ । जर्मन अनुसन्धानको प्रगतिमा असन्तुष्टि व्यक्त गर्दै टायपकिनले जर्मन अधिकारीहरूले एक युक्रेनी नागरिकको गिरफ्तारीका लागि पक्राउ पूर्जी आदेश जारी गरेको बताउनु भएको छ। उहाँले जर्मन मिडियाले आक्रमणमा व्यक्तिगतरूपमा काम गरेको देखिएको र तोडफोडको योजनाकार पहिचान नगरी अनुसन्धान बन्द हुनसक्ने चेतावनी दिएका छन्।

रूसले यो अवस्थालाई स्वीकार नगर्ने दाबी गर्दै तापकिनले भन्नुभयो, "मस्कोले जर्मनी र अन्य प्रभावित देशहरूसँग औपचारिक रूपमा उजुरी दर्ता गरी उनीहरूलाई राष्ट्रसङ्घको आतङ्कवाद विरोधी महासन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ ।"विद्यमान अन्तर्राष्ट्रिय कानुनअनुसार वार्ता खोजिरहेको बताउँदै भविष्यका कार्यहरू पश्चिमको प्रतिक्रियामा निर्भर हुने तापकिनले बताउनुभयो।

जर्मनीका सञ्चारमाध्यमले जानकारी अनुसार जर्मन अभियोजनले पाइपलाइन विस्फोटको सम्बन्धमा युक्रेनी नागरिकका लागि गिरफ्तारी वारेन्ट जारी गरेको हो । रिपोर्टले संदिग्धलाई किएभका गोताखोर भ्लादिमिर झुराभ्लेभका रूपमा पहिचान गरेको छ । उनलाई युक्रेनी एक दम्पतीले सहयोग गरेका थिए ।सन् २०२२ सेप्टेम्बरमा, नोर्ड स्ट्रिम-१ र नोर्ड स्ट्रिम-२ प्राकृतिक ग्यास पाइपलाइनहरू विस्फोट हुदाँ स्विडेन र डेनमार्कमा समेत गम्भीर क्षति भएको थियो।

रूस-युक्रेन द्वन्द्वलाई लिएर रूसमाथि पश्चिमा मुलुकहरूले लगाएको प्रतिवन्धका कारण नोर्ड स्ट्रिम २ सञ्चालनमा आउन सकेको छैन । प्रतिबन्धका कारण जर्मनीले रूसी प्राकृतिक ग्यासको आयात रोकेको छ र यसका कारण जर्मनीमा घरेलु ऊर्जाको मूल्यमा तीव्र वृद्धि भएको थियो। उक्त घटनालाई अन्तर्राष्ट्रिय आतङ्कवादी घटनाकारूपमा अनुसन्धान सुरु गरेको छ । रूसी प्रशासनिक केन्द्र क्रेमलिनका अनुसार रूसी महान्यायाधिवक्ताको कार्यालयले रूसले विस्फोटबारे पटकपटक जानकारी माग गरेको तर कुनै जवाफ पाउन नसकेको बताएको छ।

# तेल अभिभमा भएको विस्फोट 'आतङ्ककारी हमला'

एएफपी

जेरुसेलम। इजरायली प्रहरीले तेल अभिभमा अघिल्लो रात भएको 'शक्तिशाली' विस्फोट 'आतङ्ककारी हमला' भएको र त्यसमा एक जना घाइते भएको र थप सतर्कता अपनाइएको बताएको छ।

"यो एउटा शक्तिशाली विष्फोटक पदार्थको विष्फोट गराई भएको 'आतङ्कवादी हमला' थियो," बलले जारी गरेको विज्ञप्तिमा भनिएको छाआइतबार अधिकारीहरूले तेल अभिभको व्यापारिक केन्द्रमा भएको विस्फोटमा एक व्यक्तिको मृत्यु भएको बताएका थिए।"विस्फोटका कारण एक जना पैदल यात्री सामान्य घाइते भएका छन्", प्रहरीले भनेको छ, "अधिकारीहरूले सावधानीकोस्तर बढाउन र तेल अभिभ क्षेत्रमा व्यापक खानतलासी गर्न' आदेश दिएका छन्।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन गाजामा १० महिनाभन्दा लामो युद्धपछि युद्धविरामका लागि दबाब दिन तेल अभिभ पुगेको केही समयपछि आइतबार राति उक्त विस्फोट भएको हो ।इजरायल-हमास युद्ध सुरु भएयता नवौं क्षेत्रीय भ्रमणमा रहेका ब्लिन्केनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहू र इजरायलका अन्य उच्च अधिकारीसँग भेटवार्ता गर्नुभएको छ।

# चीनमा फुटबल पूर्वपदाधिकारीलाई भ्रष्टाचारको आरोपमा ११ वर्षको जेल सजाय

एएफपी

बेइजिङ । चीनको एक अदालतले सोमबार देशको फुटबल सङ्घका एक उच्च पूर्वपदाधिकारीलाई घूस लिएको अभियोगमा ११ वर्षको जेल सजाय सुनाएको छ।

चिनियाँ फुटबल सङ्घ (सीएफए) का पूर्वउपाध्यक्ष ली युयीलाई हुबेई प्रान्तको जिङझोउस्थित एक अदालतले दोषी ठहर गरेको हो ।उहाँलाई एक लाख ४० हजार अमेरिकी डलर जरिवानासमेत गरिएको छ भने भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति जफत गरी राज्यलाई हस्तान्तरण गरिने अदालतले जनाएको छ।

सन् २००४ देखि २०२१ को बीचमा १७ लाख अमेरिकी डलर बराबरको रकम र उपहार जम्मा गर्न सीएफएमा आफ्नो ओहदाको दुरुपयोग गरेको अभियोगमा ली मार्चमा दोषी ठहर हुनुभएको थियो। लीले सन् २०१५ देखि २०१९ सम्म सीएफएको उपाध्यक्षको रूपमा काम गर्नुभएको थियो। त्यसअघि उहाँ साङ्घाईको खेलकुद प्रशासनको प्रमुख हुनुहुन्थ्यो ।राष्ट्रपति सी चिनफिङको शासनकालमा अधिकारीहरूले चीनको खेलकुद उद्योग, विशेष गरी फुटबलमा हुने भ्रष्टाचारविरुद्ध कडा कदम चाल्नुभएको छ।

सीले आफ्नो देशले विश्वकप आयोजना गर्ने र जित्ने सपना देखेका र खेलजगत्लाई सुधार गर्न त्यहाँ हुने अनियमितताको अन्त्य गर्न चाहनुहुन्छ। तर त्यो महत्त्वाकाङ्क्षा पटक-पटकका भ्रष्टाचारका काण्ड र वर्षौंदेखिको निराशाजनक




नतिजापछि पहिलेभन्दा अझ टाढा देखिन्छ ।गत मार्चमा सीएफएका पूर्व प्रमुख चेन सुयुआनलाई एक करोड १० लाख अमेरिकी डलरभन्दा बढी घूस लिएको अभियोगमा आजीवन कारावासको सजाय सुनाइएको थियो।

सोही महिना चीनको राष्ट्रिय टोलीका पूर्व मुख्य प्रशिक्षक तथा एभर्टनका पूर्व मिडफिल्डर ली टाईले एक करोड ७० हजार अमेरिकी डलरभन्दा बढी घूस लिएको र म्याच फिक्स गर्न मद्दत गरेको आरोप स्वीकार्नुभएको थियो । गत मे महिनामा चीनको सरकारी प्रसारक सीसीटीभीले 'जनरल एडमिनिस्ट्रेसन अफ स्पोर्ट अफ चाइना'का पूर्व निर्देशक गौ झोङ्वेनमाथि भ्रष्टाचारको आरोपमा अनुसन्धान भइरहेको जनाएको थियो । यसरी हेर्दा, हालैका महिनाहरूमा सीएफएका करिब १० उच्च अधिकारीहरू अनुसन्धानको दायरामा आएका छन्।

# ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीद्वारा पदभार ग्रहण

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडका नव नियुक्त प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले आइतबारदेखि पदभार ग्रहण गर्नुभएको छ।

पदभार ग्रहणअघि प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकको संचालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकालबाट पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभएको थियो। नवनियुक्त प्रमुख कार्यकारी अधिकृत रेग्मीको बैंकिङ्ग क्षेत्रमा तीन दशकभन्दा लामो अनुभव रहेको छ। राष्ट्रिय वाणिज्य बैंकबाट बैंकिङ्ग करिअर सुरुगर्नुभएका रेग्मी २०६५ बैशाखमा नायव प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गर्नुभएको थियो।



ग्लोबल आइएमई बैंकमा कर्जा व्यवस्थापन, जोखिम तथा नियन्त्रण, बैंकिङ्ग अपरेसन, जोखिम व्यवस्थापन, अनुपालन, शाखा सञ्चालन, सामान्य प्रशासन, मर्जर व्यवस्थापन लगायत समग्र बैंकिङ्गको सुपरिवेक्षण तहमा काम गरिसकेका रेग्मी एक अब्बल बैंकरका रुपमा परिचित हुनुहुन्छ ।उहाँसँग बैंकिङ्ग क्षेत्रको करिब ३५ वर्षभन्दा लामो अनुभव रहेको छ।

नवनियुक्त रेग्मीले त्रिभुवन विश्व विद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर तथा वेलायतको युनिभर्सिटि अफ वेल्सबाट एमबीए गर्नुभएको छ ।शपथ कार्यक्रममा बोल्दै ग्लोबल आइएमई बैंकका अध्यक्ष ढकालले लामो समय बैंकिङ्ग क्षेत्रमा रही काम गरेका रेग्मीको कार्यकालमा बैंक थप सबल र सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले नयाँ प्रमुख कार्यकारी अधिकृत रेग्मीको नेतृत्वमा बैंकको सेवालाई समयसापेक्ष बनाउँदै आम सेवाग्राहीलाई सहज र सुरक्षित बैंकिङ्ग प्रदान हुने बताउनुभयो।

"रेग्मी ग्लोबल आइएमई बैंकको सुरुदेखि नै यस बैंकमा हुन्हुन्छ । लामो समय बैंकिङ्ग क्षेत्रमा रहेका उहाँ एक अनुभवी बैंकर हो । उहाँले यस ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्दा नियामकीय निर्देशनहरुको अधिनमा रही यस बैंकका सेवाग्राहीलाई उत्कृष्ट सेवा प्रदान गर्ने र शेयरहोण्डरहरुलाई यथोचित प्रतिफल प्रदान गर्ने मलाई विश्वास छ," उहाँले भन्नुभयो।

पदभार ग्रहण गर्दै रेग्मीले मुलुककै सबैभन्दा ठूलो र प्रतिष्ठित बैंकको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी लिँदा गर्व र दायित्वबोध दुवै महशुस भएको बताउँनुभयो । उहाँले आफ्नो कार्यकालमा बैंकको सन्तुलित व्यापार विस्तार, थप सुदृढ ग्राहक सेवा र सुविधाहरु, नयां र सुरक्षित प्रविधियुक्त बैंकिङ्ग सेवा प्रदान गर्दै लगानीकर्तालाई उचित प्रतिफलका साथै बजारमा बैंकको सम्मानजनक उपस्थितीलाई अझ मजवुत वनाउदै लैजाने प्रतिवद्दता व्यक्त गर्नु भयो। उहाँले ग्लोबल आइएमई बैंकको ब्रान्ड, नेटवर्क र सशक्त बजार हिस्सा बढाउँन आफूले प्रयत्न गर्ने बताउनुभयो।

## विश्व फोटोग्राफी दिवस :

# पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी

पाटन । विश्व फोटोग्राफी दिवसका अवसरमा पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी गरेको छ। एक सय ८५औँ विश्व फोटोग्राफी दिवसका अवसरमा सोमबार राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे)ले पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी आयोजना गरेको हो। 'जब हिमाल मुस्कुराउँछ' नाराका साथ गरिएको फोटो प्रदर्शनीमा नेपालका फोटो पत्रकारहरुले विभिन्न समयमा कैद गरेका हिमशृङ्खलाका ५० भन्दा बढी तस्बिरहरु राखिएका छन्।



प्रदर्शनीको उद्घाटन गर्नुहुँदै ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले यस्ता प्रदर्शनीले फोटोग्राफरहरुको क्षमता प्रस्फुटनमा ऊर्जा थप्ने बताउनुभयो। "यो प्रदर्शनीले धेरै कुराहरूलाई सहयोग पु-याएको छ, प्रदर्शनीमा राखिएका तस्बिरमा हाम्रा हिमालहरुको प्राकृतिक महत्वलाई उजागर गरेको छ, हाम्रा हिमालको अहिलेको अवस्थालाई चित्रण गरेको छ, जलवायु परिवर्तनको असरका बारेमा हामीलाई सुसूचित गरेको छ, एउटा तस्बिरले हजार शब्दमा व्यक्त गर्न नसकिने तथ्यहरुलाई व्यक्त गर्छ भनिन्छ, यो प्रदर्शनी धेरै दृष्टिकोणबाट महत्व राख्ने खालको छ," उहाँले भन्नुभयो।

प्राकृतिक मनोरम दृश्यले पर्यटकको आकर्षक बढाउने हुँदा यस्ता प्रदर्शनीले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको विश्वास छ। उहाँले जलवायु परिवर्तनको असरले हिमालमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न काम गर्नुपर्ने सन्देश तस्वीर मार्फत् देखाएको बताउनुभयो ।हरेक वर्षको अगस्त १९ तारिखलाई विश्व फोटोग्राफी दिवसको रुपमा संसारभरका फोटोग्राफहरुले उत्सवका रूपमा मनाउँदै आएका छन्। नेपालमा सन् १९९७ मा राष्ट्रिय फोटो पत्रकार समूहको स्थापना भएसँगै प्रत्येक वर्ष विश्व फोटोग्राफी दिवस मनाइँदै आएको छ। फोटोग्राफीको इतिहास बुझाउन, अग्रज फोटोकारको सम्मान र अनुजलाई प्रोत्साहन गर्ने उद्देश्यले यो दिवस मनाउने गरिएको छ।

विश्व फोटोग्राफी दिवसको सन्दर्भ पारेर विश्वमा जलवायुको असरका कारण परेको असर र त्यसका कारण हाम्रा हिमालहरु पग्लिँदै गइरहेको अवस्थालाई दृष्टिगत राख्दै हिमाल बचाउ अभियानलाई सार्थकता दिन प्रदर्शनी आयोजना गरिएको समूहका अध्यक्ष प्रदीपराज वन्तले जानकारी दिनुभयो।"नेपालका हिमाल र हिमाली क्षेत्रका पर्यटन, सांस्कृतिक र सामाजिक क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यले यो प्रदर्शनी राखिएको हो, नेपाललाई विश्वसामु चिनाउन, पर्यटन प्रवर्द्धन गर्नाका साथै फोटो पत्रकार हरुको क्षमता अभिवृद्धिमा प्रदर्शन महत्वपूर्ण हुने विश्वास छ, व्यावसायिक फोटोग्राफरहरुका लागि हौसला प्रदान गर्न सहयोग मिल्नेछ भन्ने विश्वास छ," अध्यक्ष वन्तले भन्नुभयो।

फोटोग्राफी क्यामेराको जननी मानिने 'क्यामेरा अब्स्क्युरा' बाट सुरु भएको थियो। विश्वमा श्यामश्वेत छविचित्र अनि फोटो ट्रान्समिटरका ती उदेकलाग्दा पर्खाइ छिचोल्दै फोटोग्राफी हरेक मान्छेको पहुँचमा आइपुगेको छ। विश्वमा फोटोग्राफीसम्बन्धी कल्पनाको उदय भएको झन्डै दुई सय वर्ष हुँदा फ्रान्समा यस क्षेत्रमा निकै अनुसन्धान र प्रयोगहरू भएका थिए। अँध्यारो कोठामा झ्यालढोकाको मसिनो प्वालबाट बाहिरको घामको किरण छिरेपछि उत्पन्न आकृति देखेका वैज्ञानिकहरूले ती आकृति सधैँका लागि कैद गर्ने प्रयासमा लागे।

यसैबीच, सन् १८२६ मा जोसेफ निसेफोर नियप्सले आफ्नो घरको कौसीबाट देखिने दृश्यको फोटो करिब आठ घण्टा लगाएर खिचे। त्यही फोटो विश्वको पहिलो फोटोग्राफिक आकृति बन्यो। अस्पष्ट देखिने त्यो फोटोमा केही आकार र प्रकार मात्र देखिन्छ। पछि आएर सन् १८३८ मा लुइस डेगुरेले अझ प्रस्ट देखिने फोटोको आविष्कार गर्न सफल भए। त्यसबेलाको फोटो अहिलेको झैं स्थायी रूपमा रहिरहने खालको थिएन। त्यो कालखण्डमा तस्बिर खिच्न आठ घण्टा लाग्थ्यो।

सन् १८३९ मा मात्र व्यावहारिक रूपमा सफल फोटोको आविष्कार भयो। त्यसबेला खिचिएको सडकको दृश्यचित्रलाई प्रथम प्रस्ट चिनिने आकृतिसहितको सही फोटो मान्न सकिन्छ । वीरशमशेरका पालामा डम्बरशमशेरले नेपालमा फोटोग्राफीको सुरुआत गरेको मानिन्छ। बालकृष्ण समका छोरीपट्टिका नाति नवीनप्रकाशजङ्ग शाहका अनुसार, डम्बरशमशेरलाई वीरशमशेरले पुरस्कारस्वरूप बेलायत र जर्मनीबाट जति पनि सामान भन्सार छुट गरी झिकाउने सुविधा दिएका थिए। त्यो बेलादेखि सुरु भएको नेपाली फोटोकारिता अहिले धेरै अगाडि बढिसकेको छ। यसमा नेपालका धेरै फोटोग्राफरहरूको महत्वपूर्ण भूमिका छ ।रासस

# अति दुलर्भ खरमजुर संरक्षण गर्न घाँसे मैदान व्यवस्थापन

कञ्चनपुर । अति दुर्लभ खरमजुरको संरक्षण गर्ने उद्देश्यले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाहिरको क्षेत्रमा घाँसे मैदान व्यवस्थापन गर्न थालिएको छ।

नेपाल पक्षी संरक्षण सङ्घ (विसिएन) ले अमेरिकी सहयोग नियोग (युएसआइडी) को जलजङ्गल परियोजनाअन्तर्गत बेलौरी, पुर्नवास नगरपालिका बेलडाँडी र लालझाडी गाउँपालिकामा रहेका प्राकृतिक घाँसे मैदानको व्यवस्थापन गर्न थालेको हो ।सङ्घका चरा संरक्षणकर्मी हिरुलाल डगौराका अनुसार उल्टनपुर, नन्दगाउँ, किसान मध्यवर्ती क्षेत्रमा घाँसे मैदानको व्यवस्थापन थालिएको छ। घाँसे मैदानमा रहेका अनवाश्यक घाँस, झाडी हटाउने भइसकेको उहाँले बताउनुभयो। प्रजननको समयमा खरमजुर निकुञ्जको भित्री भागमा रहेको घाँसे मैदानमा आउने भए पनि त्यसपछिको समय निकुञ्ज बाहिर जाने गर्दछ।



सोही कारणले बासस्थान पुनःस्थापना र सुधार गर्न बाह्य क्षेत्रको घाँसे मैदान व्यवस्थापनको काम गरिएको डगौराले बताउनुभयो। "बासस्थान मासिँदै जाँदा प्रत्येक वर्ष खरमजुरको सङ्ख्यामा कमी आउन थालेको छ", उहाँले भन्नुभयो, "बासस्थान सुरक्षाका लागि घाँसे मैदान व्यवस्थापनको कार्यसँगै स्थानीय बासिन्दा, युवा सञ्जाल, सामुदायिक वनका पदाधिकारी, महिला समूह, जनप्रतिनिधिसँग छलफल, तालिमलगायत कार्य गरेका छौँ।"

डगौराका अनुसार १२ सामुदायका पाँच सय ७७ र चार पालिकाका युवा सञ्जालमा आबद्ध एक सय ४० जना युवालाई खरमजुर संरक्षणका लागि तालिम दिइएको छ । यसैगरी चार वटा प्रकृति तथा चरा पर्यटनसम्बन्धी तालिम, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका ३७ जना कर्मचारीलाई खरमजुर संरक्षणसम्बन्धी तालिम दिइएको उहाँले जानकारी दिनुभयो।

खरमजुर गणना तथा सर्भेक्षणको कार्यका लागि सर्भेक्षण प्रोटोकल बनाइएको चरा संरक्षणकर्मी डगौराको भनाइ छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सन् १९८२ मा पहिलो पटक गरिएको सर्भेक्षणमा खरमजुर १४ देखि १५ को सङ्ख्यामा पाइएको थियो। सन् २००० मा १२, सन् २०१४ मा आठ, सन् २०२१ मा सात र सन् २०२३ मा पाँच वटा रहेका चरा संरक्षणकर्मी डगौराले जानकारी दिनुभयो। उक्त गणनाको तथ्याङ्कअनुसार प्रत्येक वर्ष खरमजुरको सङ्ख्या घट्दै गएको छ।

खरमजुरले सिरु, काँस र खडाइका घाँसे मैदानमा बस्न मन पराउँछ। चर्नका लागि छोटो घाँस भएका मैदानलाई रोज्ने गर्दछ। प्रजननका बेला अग्ला घाँस भएका मैदानमा भेटिने गरेकाले घाँसे मैदान व्यवस्थापनको कार्य गरिएको उहाँले उल्लखे गर्नुभयो। प्रजननको समयपछि यो सुक्खा घाँसे मैदान र खेतबारीमा भेटिए पनि यसको प्रजननपछिको बासस्थानको बारेमा कम अध्ययन भएको उहाँले बताउनुभयो।

"खरमुजुर प्रायःजसो आहारा खोज्न बिहान र बेलुका मात्रै सक्रिय हुने गर्छ। यो सर्वहारी पक्षी भएकाले ससाना कीरा, फट्याङ्ग्रा, छेपारोदेखि घाँस, दाना फलफूल खान्छ। एक्लै बस्न रुचाउने पछी भएपनि प्रजननको समयमा भाले र पोथी दुवै जोडीका रुपमा भेटिने गर्दछन्", डगौराले भन्नुभयो । उहाँका अनुसार यसको प्रजनन चैतदेखि जेठसम्म हुने गर्छ । पोथीलाई आकर्षित गर्नका लागि भालेले जमिनमाथि निरन्तर उफ्रिदै मनमोहक नाच देखाउँछ। पोथीले अग्लो घाँसे मैदानमा १/२ वटा अण्डा पारेपछि करिब चार हप्तासम्म ओथारो बसी बच्चा कोरल्ने उहाँले जानकारी दिनुभयो।

"खरमुजुर तराईमा पाइने घाँसे मैदानको आवासीय पक्षी हो", चराविद्समेत रहनुभएका डगौराले भन्नुभयो, "यसको भालेभन्दा पोथी केही ठूलो हुन्छ, पोथीको शरीरको लम्बाइ ६६ देखि ६८ सेन्टिमिटर र तौल एक दशमलव सात देखि एक दशमवलव नौ किलो हुन्छ । भालेको शरीरको लम्बाइ ६२ देखि ६४ सेन्टिमिटर र तौल एक दशमलव दुई देखि एक दशमवलव पाँच किलो हुन्छ।" उहाँका अनुसार भालेको टाउको, घाँटी र माथिल्लो भाग कालो र पखेटाको रङ सेतो हुन्छ। यो उड्दा प्रष्ट देखिन्छ। पोथी र बच्चाको रङ भने मैलो खैरोदेखि बलौटे कैलोसम्म हुन्छ।

खरमुजुर नेपालको संरक्षित क्षेत्रहरू कोशी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु निकुञ्जमा पाइन्छ । नेपालमा बाहेक यो दुर्लभ पक्षी भारत र कयाम्बोडियामा मात्रै पाइन्छ।

विभिन्न अध्ययनका क्रममा भियतनाम र बङ्गलादेशबाट यो पक्षी लोप भइसकेको चराविद् डगौराले जानकारी दिनुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सूचीमा खरमुजुरलाई विश्व र नेपालमा अति सङ्कटापन्न अवस्थामा राखिएको छ ।रासस

# भिडियो प्रतियोगिताका विजेतालाई पुरस्कार प्रदान




**टुडे समाचारदाता**

काठमाण्डु । विगत १८ वर्ष देखी अनवरत रुपमा सर्वसाधारणलाई गुणस्तरिय एवं सुरक्षित बैंकिङ सेवा, सुविधा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरुसँगको संलग्नतालाई बढाउन गत जेष्ठ र आषाढ महिनामा पार्टनर फर प्रोग्रेस हजुरको प्रगतिको सहयात्री नामक फेसवुक भिडियो प्रतियोगिताको आयोजना गरेको थियो। व्यक्तिगत वा व्यावसायिक रूपमा प्रगतिमा साथ दिने र जीवनमा सकारात्मक परिवर्तन ल्याउन योगदान पुर्याउने व्यक्ति वा संघ संस्थालाई सबै माझ चिनाउने र सम्मान गर्ने उद्देश्यले बैंकले सो प्रतियोगिताको आयोजना गरेको थियो।

प्रतियोगिताको समाप्ती संगै छानिएका उत्कृष्ट तीन बिजेतालाई बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेशराज पोखरेल ज्यूले बैंकमा आज आयोजित एक समारोहका बीच सम्मान स्वरुप चेक हस्तान्तरण गर्नुभएको छ । उत्कृष्ट हुनु भएकी निकिता गुरुङ, द्वितीय बबिता दुलाल बस्ताकोटी र तृतीय कृशल श्रेष्ठलाई क्रमश नगद पुरस्कार रु ५०,००० रु ३०,००० र रु २०,००० प्रदान गरिएको छ । जीवनमा सफलता प्राप्ति गर्न र आफूले चाहेको लक्ष्य हाँसिल गर्न आफ्नो परिवारका सदस्यहरु जस्तै श्रीमतिको लागी श्रीमान र बच्चाहरु, बहिनीको लागी दाजु र छोराको लागी बुवाको भूमिका निकैनै महत्वपूर्ण हुने कुरा उहाँहरुले आआफ्नो भिडियो मार्फत दर्शाउनुभएको छ।

सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग इकाइहरुबाट करिव १८ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# महिलालाई बाख्रापालनबाट आत्मनिर्भर बनाइँदै

राँझा । बाँकेको डुडुवा गाउँपालिकामा विपन्न, दलित तथा सीमान्तकृत महिलालाई आम्दानीसँग जोडेर आत्मनिर्भर बनाउन बाख्रा वितरण गरिएको छ। डुडुवाको वडा नं १ मा पर्ने होलिया र वडा नं ६ मा पर्ने हिरमिनियामा महिला समूहमा आबद्ध ७२ परिवारलाई दुई सय १९ बाख्रा वितरण गरिएको दलित महिला सङ्घ बाँकेकी अध्यक्ष निर्मला सुनारले जानकारी दिनुभयो।

"विपन्न, दलित तथा सीमान्तकृत समुदायलाई बाख्रापालनको माध्यमबाट आम्दानीसँग जोडेर आत्मनिर्भर बनाउने उद्देश्यले बाख्रा वितरण गरिएको हो", उहाँले भन्नुभयो, "प्रतिपरिवारलाई तीनका दरले बाख्रा वितरण गरिएको छ।"



गाउँघरमा बाख्रा पाल्नका लागि पर्याप्त घाँस तथा दाना पाइने र चाँडो समयमा आम्दानी गर्न सकिने हुँदा गरिब तथा विपन्न दलित परिवारलाई बाख्रा वितरण गरिएको उहाँको भनाइ छ। बाँकेको हिरमिनिया र होलिया क्षेत्र कृषि तरकारी तथा पशुपालनको पकेट क्षेत्रका रुपमा रहेको छ। निर्वाहमुखी बाख्रापालन गर्दै आएका किसानलाई सीप र बजारीकरणमा सहयोग गर्दै व्यावसायिक बनाउन प्रोत्साहनका लागि बाख्रा वितरण गरिएको सुनारको भनाइ छ।

होलिया र हिरमिनियाका गाउँबस्तीमा गठन भएका महिला समूहमा आबद्ध किसानलाई बाख्रापालन परियोजनाअन्तर्गत बाख्रा सहयोग गरिएको अध्यक्ष सुनारले जानकारी दिनुभयो। निःशुल्क रुपमा आफ्नै गाउँघरमा तीन बाख्रा पाएपछि स्थानीय खुसी भएका डुडुवा-६ का वडाध्यक्ष मोहनराम मिश्राले बताउनुभयो। उहाँले विपन्न तथा सीमान्तकृत समुदायको आर्थिक उन्नतिमा बाख्रापालन सहयोगी बन्ने अपेक्षा गर्नुभयो।

दलित तथा सीमान्तकृत समुदाय र महिलाको स्रोत तथा सेवामा पहुँच अभिवृद्धि गर्न समूह गठन गरी महिलाको आवश्यकता र रुचि तथा सीपअनुसार संस्थाले सहयोग गर्दै आएको दलित महिला सङ्घकी परियोजना संयोजक दिलासा गौतमले बताउनुभयो। उहाँका अनुसार दलित महिलालाई सामाजिक तथा आर्थिक रुपमा सशक्तीकरण गराउँदै वडा एवं गाउँपालिका स्तरका संरचनामा सहभागी बनाउन जिल्लाको खजुरा, बैजनाथ र डुडुवा गाउँपालिकामा २० देखि २५ सदस्य रहेका ५४ महिला समूह गठन गरेर दलित महिला सङ्घ बाँकेले काम गरिरहेको छ ।रासस

# सहरी क्षेत्रमा कोदो संरक्षण

भरतपुर। चितवनको भरतपुरमा सहकारीमार्फत रैथाने बाली कोदो संरक्षण गर्न थालिएको छ। भरतपुर महानगरपालिका-९ स्थित त्रिपुरेश्वर कृषि सहकारी संस्थाले हराउँदै गएको कोदो उत्पादन गर्न सदस्यहरुमार्फत अभियान सञ्चालन गरेको हो।

सहकारी संस्थामार्फत आइतबार भरतपुर-८ स्थित ज्योति टोलमा सामूहिक रुपमा कोदो रोपिएको छ । सुरुआतमा बाँझो रहेको आठ कट्ठाको प्लटमा कोदो रोपिएको संस्थाका अध्यक्ष बेदप्रसाद सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार किसानलाई रैथाने बाली कोदोप्रति आकर्षित गर्नका लागि पहिलोपटक सामूहिक रुपमा कोदो रोपिएको हो।



"सहरी क्षेत्रमा कोदो रोप्ने प्रचलन हट्दै गएको छ, मानिसहरुले घडेरी किन्दै छाड्ने र बाँझो राख्ने क्रम उच्च छ", सापकोटाले भन्नुभयो, "खाली जमिनलाई उत्पादनसँग जोड्नका लागि यो अभियान चलाएका हौँ।" सापकोटाका अनुसार वडा नं ८ र ९ मा रहेका करिब १० बिघा जमिनमा कोदो रोपिएको छ। यस वर्ष मात्रै सहकारी संस्थामार्फत बीउ लगेर सात बिघा क्षेत्रफलमा कोदो रोपिएको छ।सहकारी संस्थाले गत वर्ष काभ्रेबाट एक किलो रैथाने कोदोको बीउ ल्याएर रोपेको थियो । त्यसबाट ४१ किलो बीउ उत्पादन भएको थियो । त्यस बीउमध्ये संस्थाका सदस्यलाई यस वर्ष २२ किलो बीउ वितरण गरिएको सापकोटाले बताउनुभयो।

वडा नं ९ का अध्यक्ष यामलाल कँडेलले रैथाने बाली संरक्षणमा वडा कार्यालय लागिपरेको बताउनुभयो। महानगरपालिकाले नै रैथाने बाली संरक्षणका लागि पहल गरिरहेको भन्दै आगामी दिनमा कोदो संरक्षणका लागि वडा तहबाट पनि काम गरिने उहाँले बताउनुभयो । लामो समयपछि कोदो रोप्न पाउँदा स्थानीयसमेत हर्षित भएका छन । भरतपुर-८ का चन्द्रमणि कँडेलले पछिल्लो समय कोदो रोप्ने प्रचलन हट्दै जानु चिन्ताको विषय भएको बताउनुभयो। विगतमा पहाडमा रहँदा २२ मुरीसम्म कोदो उत्पादन गर्नुभएका उहाँले चितवन झरेपछि कोदो रोप्न छाड्नुभएको थियो। यस वर्ष भने उहाँले दुई कट्ठा जमिनमा कोदो रोपेको बताउनुभयो।

चितवनमा कोदोको उत्पादन राम्रो हुने गरेको छ । यहाँ अन्य बालीभन्दा कम लगानी र मेहनतमा कोलोखेती गर्न सकिने भएकाले किसानका लागिसमेत यो लाभदायिक हुने कृषि विकास कार्यालयका कृषि अधिकृत उमनाथ अर्यालले बताउनुभयो । चितवनमा कोदोको उत्पादकत्व प्रतिहेक्टर एक दशमलव दुई मेट्रिक टन छ । गत वर्ष जिल्लामा एक हजार चार सय ६५ हेक्टरमा कोदोखेती गरिएको कृषि अधिकृत अर्यालले जानकारी दिनुभयो ।रासस

# चार सय ६८ हेक्टर वन अतिक्रमण

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा चार सय ६८ हेक्टर वनक्षेत्र अतिक्रमणको चपेटामा परेको जनाएको छ । जिल्लाका साझेदारी, सामुदायिक र धार्मिक वन क्षेत्रमा स्थानीयवासीले खेतीपाती तथा घरटहरा निर्माण गरेका छन् ।



डिभिजन वन कार्यालयका प्रमुख सुनिलकुमार कर्णले पर्साको चार सय ६८ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमणमा परेको जानकारी दिए । "स्थानीयवासीले साझेदारी तथा धार्मिक वनलाई कब्जा गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन्", उनले भने, "वन अतिक्रमण गर्ने स्थानीयवासीलाई राजनीतिक दलले पनि अघोषित रूपमा समर्थन गर्ने परिपाटीले पनि वनजंगल जोगाउन समस्या भइरहेको छ । अतिक्रमणमा परेको वन हटाउन जाँदा राजनीतिक तवरबाटै प्रतिरक्षा गर्ने गलत परम्पराको विकास भइरहेको छ ।"डिभिजन वन कार्यालयले जनाए अनुसार पर्सामा चार सय ६८ दशमलव एक सय ४९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ । ठोरी गाउँपालिका वराह नजिकै रहेको वन दुई सय दशमलव ७० हेक्टर अतिक्रमणमा परेको छ । पर्साको सबैभन्दा धेरै अतिक्रमणमा परेको वनक्षेत्र छ ।

त्यसैगरी गादीमाई साझेदारी वनक्षेत्र एक सय ६७ दशमलव ६८ हेक्टर, मधुवन क्षेत्रको वन ३२ दशमलव ४७ हेक्टर स्थानीयवासीले कब्जामा लिएका छन् । सखुँवापसौनी साझेदारी वन ३३ दशमलव २० हेक्टर, सबैया साझेदारी वन २२ दशमलव २३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, विन्ध्वासिनी साझेदारी वन १२ दशमलव ०६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख कर्णले जिल्लाभरिमा अतिक्रमणमा परेको वनमा करिब एक हजार पाँच सयको हाराहारीमा घरटहरा निर्माण भएको बताए ।

"कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमित अनुगमन र सुपरीवेक्षण गर्न सकिरहेका छैनौं", उनले भने, "बेलाबखतमा स्थानीय प्रशासनसँग समन्वयमा अतिक्रमणमा परेको वनलाई फिर्ता ल्याउने प्रयास भइरहेको छ ।" डिभिजन वन कार्यालयमा कुल एक सयजना कर्मचारीको दरबन्दी भए पनि अहिले ५९ जनामात्र कार्यरत छन् । जसले गर्दा पनि नियमित रूपमा वन अनुगनम र निरीक्षण गर्न समस्या भइरहेको छ ।

पर्सामा ११ हजार पाँच सय ७५ हेक्टर वनक्षेत्र छ । पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । साझेदारी वन ११ हजार चार सय नौ दशमलव १४ हेक्टरमा फैलिएको छभने धार्मिक वन ३४ दशमलव ६३ हेक्टर क्षेत्रफलमा रहेको छ । निजी वन एक सय १० हेक्टर, राष्ट्रिय वन सात दशमलव ५१ हेक्टर क्षेत्रफलमा फैलिएको छ । वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रुख रहेका छन् ।

# झुलनोत्सव पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाञ्चलमा सुरु भएको झुलनोत्सव पर्व सोमबार सम्पन्न भएको छ । भदौंको तृतीयादेखि पूर्णिमासम्म मनाइएको सो पर्व गएराति भगवान् रामचन्द्र र माता जानकीलाई जानकी मन्दिसहित विभिन्न मठमन्दिरमा अन्तिम पटक झुला झुलाउँदै झुलनोत्सव पर्व सम्पन्न भएको छ ।



तृतीयादेखि पूर्णिमासम्म चलेको झुलनोत्सवका अवसरमा जानकी मन्दिरमा प्रत्येक दिन कलात्मक पालकीमा बाजागाजाका साथ भगवान् राम सीताको मूर्ति राखी भजनकीर्तन गर्दै झुलाघरमा झुलाइएको थियो । महोत्तरीको लक्ष्मीनारायण मठ, जनकपुरधामका जानकी मन्दिरसहित विभिन्न मठमन्दिर, सर्लाही, सिराहा, सप्तरी र भारतको तिरहुत क्षेत्र विहारका विभिन्न मठमन्दिरमा झुला पर्व धूमधामका साथ सम्पन्न भएको छ ।

साधु, सन्त, महात्मा र मिथिलावासीहरू मिलेर झुला घरमा रामसीताको मूर्ति राखी धार्मिक गीत र भजनकीर्तनका साथ गएराति अन्तिम झुला रहेकाले रातभरि झुला झुलाइएको छ ।

झुलनोत्सवमा सहभागी हुन नेपालका विभिन्न जिल्लाका साथै भारतबाट पनि श्रद्धालु भक्तजन आएका थिए ।

मिथिला क्षेत्रमा प्रत्येक वर्ष रोपाइँ सकिने बित्तिकै झुला पर्वको रौनकता सुरु हुन्छ भने प्रत्येक मठमन्दिरमा राति अबेरसम्म कजरी र मलार जस्ता गीतको स्वरलहरी सुनिन्छ । झुलाका समयमा गाउँघरका र वरपरका श्रद्धालुहरू जम्मा हुने भजनकीर्तन गर्ने, नाचगान र रामलीला गरेर मध्यरातसम्म जाग्राम बस्ने प्रचलन छ । झुला पर्व त्रेतायुगदेखि नै प्रारम्भ भएको मानिन्छ ।

# राखी पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला-मधेशसहित देशभर सोमबार दिउँसोबाट सुरु भएको रक्षाबन्धन पर्व सम्पन्न भएको छ ।



प्रत्येक वर्ष श्रावण शुक्लपक्ष पूर्णिमा तिथिका दिन दिदी बहिनीले आफ्नो दाजु भाईको नाडीमा कलात्मक तथा रंगी चंगी राखी बाधेर मिठो खाने कुरा खुवाउने चलन रहेको छ । दाजु भाइले पनि आफ्नो गच्छ अनुसार नगद, कपडा तथा गरगहना प्रदान गर्ने प्रचलन रहेको छ ।

खास गरेर दाजुभाइको दीर्घायु, सुस्वास्थ्य तथा समृद्धिको कामना सहित दिदी बहिनीले राखी बाँध्ने चलन रहेको छ । दाजु भाइलाई दिदी बहिनीले राखी बाँधेको खण्डमा आफ्नो सुरक्षाका साथै आई परेको खण्डमा स्वाभिमानको रक्षा गर्ने गर्ने मान्यता रहेको छ । यस पटक राखी बाँध्ने साइत दुई बजे पछि परेकाले बिहानसम्म अधिकांश दाजु भाईको नाडी सुनसान देखिएका थिए ।

यता रक्षा बन्धनको अवसरमा जनकपुरधामको ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले सामूहिक रुपमा रक्षा बन्धन पर्वको आयोजना गरेका छन् । सेवा केन्द्रमा आउने सबै जनालाई सेवा केन्द्रका सञ्चालिका सृजना दिदी सहित अन्य दिदीहरूले राखी बाँधेका छन् ।

यस पटक ढिलो गरि राखी पर्व शुरु भएका कारणले दिउँसो १ बजेसम्म राखीको अत्यधिक बिक्री भएको छ । बेलुकासम्म राखी बाँधियो । यस पटक जनकपुरधाममा मात्र करोडौंको राखी बिक्री भएको व्यवसायीहरुको अनुमान गरेका छन् । पाँचसय देखि २० रुपैयाँको राखीको बिक्री भएको स्थानीय व्यापारी किसन मण्डलले बताए ।

रक्षा बन्धनमा मिष्टान्नको अत्यधिक बिक्री हुने भएकाले जनकपुरधामको प्रमुख मिष्ठान्न भण्डार सहित तराई मधेश एवं मिथिलाका गाउँ गाउँमा रहेका मिष्ठान्न पसलहरूमा हिजै देखि नै मिठाई किन्नेहरूको अत्यधिक भिड देखिएको छ ।

त्यस्तै तागाधारी वर्गले जनै पूर्णिमा तथा ऋषितर्पणीको अवसरमा जनकपुरधामको गंगासागर, धनुषसागरमा स्नान गरेर पण्डित पुरोहितबाट जनै सहित रक्षा सूत्र धारण गरेका छन् । वेद मन्त्रद्वारा अभिमन्त्रित यज्ञोपवित जनै र रक्षासूत्र आफूभन्दा ठूला व्यक्ति र आचार्यको हातबाट लगाउने चलन रहेको छ ।

अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ । गंगासागरमा बिहान देखि नै स्नान गर्नेहरुको अत्यधिक घुँइचो लागेको थियो ।

# हायस पल्टिँदा ६ यात्रु घाइते

**टुडे समाचारदाता**

मलंगवा । पूर्व पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित बाँके जंगलमा सोमबार इलेक्ट्रिक हायस पल्टिँदा ६ जना यात्रु घाइते भएका छन् ।

काठमाण्डुबाट सर्लाहीको गोडैतातर्फ आउँदै गरेको बागमती प्रदेश ०६-००१ ज ००६६ नम्बरको हायस अनियन्त्रित भई बाँके जंगलस्थित अमुवा पुल नजिकै दुर्घटनामा परेको छ ।



हायस दाहिने साइडमा गएर पल्टँदा गाडीमा सवार यात्रु गोडैता नगरपालिका-९ स्थित बकैनियाका २७ वर्षीय सरोजकुमार चौधरी, २४ वर्षीय सुशील कुमार चौधरी, २३ वर्षीय चुनचुन महतो, २६ वर्षीय रामजी पासवान, १९ वर्षीय सुमन महतो र गोडैता नगरपालिका-२, जयनगरका २७ वर्षीय नवीन महतो घाइते भएका सर्लाही प्रहरीले जनाएको छ ।

घाइतेमध्ये पाँच जना मोडेल अस्पताल लालबन्दीमा उपचारपछि डिस्चार्ज भइसकेको र छाती र बायाँ खुट्टामा चोट लागेर घाइते गोडैता नगरपालिका-२ स्थित जयपुरका २७ वर्षीय सरोजकुमार चौधरीको लालबन्दीमा नै उपचार चलिरहेको इलाका प्रहरी कार्यालय केशरगन्जका प्रहरी नायब उपरीक्षक मानप्रसाद श्रेष्ठले जानकारी दिए ।

दुर्घटनापछि हाइस चालक प्रहरी नियन्त्रणमा रहेका छन् । हायस घटनास्थलबाट प्रहरी चौकी फूलजोरमा ल्याइ राखिएको उनले बताए ।

# दलितलाई मन्त्रीपरिषद्मा समावेश गराउन माँग

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशको मुख्यमन्त्री सतीशकुमार सिंहले आफ्नो मन्त्रीपरिषद्मा एकजना पनि दलित समावेश नगरेको भन्दै संयुक्त राजनीतिक दलित संघर्ष समिति सप्तरीले असन्तुष्टि प्रकट गर्दै आपत्ति जनाएको छ ।




सो समितिका अध्यक्ष भुवनेश्वर रजक सोमवार एक प्रेस विज्ञप्ति जारी गर्दै संविधानमा भएको व्यवस्था समेतको बेवास्ता र उल्लंघन गर्दै मन्त्रीपरिषद्मा दलित समुदायलाई वञ्चित गराएको आरोप लगाएका छन् ।

संविधानमा भएको समावेशिताको सिद्धान्तलाई मनन गर्दै मन्त्रीपरिषद्मा दलितलाई समेत समावेश गर्न प्रेस विज्ञप्ति मार्फत मधेश प्रदेश सरकारको ध्यानाकर्षण गराइएको छ । मुख्यमन्त्री सतिष कुमार सिंहलाई मंगलवार भेटेर यस वारे ध्यानाकर्षणको पत्र बुझाउने तयारी समेत भएको संयुक्त राजनीतिक दलित संघर्ष समितिले जनाएको छ ।

# जसपा नेपालद्वारा कार्यादेश तय

**टुडे समाचारदाता**

काठमाण्डु । आधारभूत संगठन निर्माणको चार महिने अभियानको उद्घाटन गर्न लागेको जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय अभियन्तालाई कार्यादेश तय गरेको छ ।




अध्यक्ष उपेन्द्र यादवले परिपत्र जारी गरी वैचारिक तथा राजनीतिक प्रशिक्षण सञ्चालन गर्ने गरी केन्द्रीय सदस्यहरुको कार्यादेश तय गरेका छन् ।

जसअनुसार केन्द्रीय अभियन्ताले पार्टीको विधान, पार्टीको एकताको राष्ट्रिय महाधिवेशनमा प्रस्तुत राजनीतिक दस्तावेजका सम्बन्धमा प्रशिक्षणको आयोजना गर्नुपर्ने जसपा नेपालले जनाएको छ ।

त्यस्तै विभिन्न राजनीतिक दलहरूसँग जसपाको राजनैतिक-वैचारिक भिन्नता, उत्पीडित जाति/समुदायको पहिचान, राजनीतिक अधिकार, राज्यमा समान प्रतिनिधित्व, सामाजिक विभेद लगायतका विषयहरूको उजागर गर्ने काम समेत अभियन्ताले गर्ने जनाएका छन् ।

त्यस्तै केन्द्रीय अभियन्ताले कोशी प्रदेशको नाम खारेजी र ऐतिहासिक पहिचानको आधारमा नामाङ्कन गर्नका लागि दबाब सिर्जना गर्न, समुदायमा जागरण ल्याउने र पार्टी विभाजनबारे भण्डाफोर गर्नुपर्ने भनि निर्देशन गरिएको छ ।

चार सय पन्ध्र जना केन्द्रीय अभियन्तालाई पार्टीको आदर्शहरु संघीयता, सुशासन, सामाजिक न्याय र समाजवाद तथा पार्टीको लक्ष्य-समाजवादी लोकतन्त्रको अवधारणा बारे र समसामयिक राजनीतिक परिस्थिति र पार्टीको दृष्टिकोण प्रष्ट्याउने गरी केन्द्रीय नेताहरुलाई अभियानमा खटाइने भएको छ ।

चुरे वन संरक्षण सम्बन्धमा जनजागरण अभियान सञ्चालनलाई पनि जसपा नेपालले केन्द्रीय सदस्यको अभियानको कार्यादेश भनि निर्धारण गरेको छ ।

जसपा नेपालको साउन २७-३० मा सम्पन्न केन्द्रीय समितिको बैठकले केन्द्रीय सदस्यहरुलाई अभियन्ताको रुपमा चार महिना पालिकामा संगठन निर्माणका लागि खटाउने निर्णय गरेको थियो ।

# देवाही गोनाहीमा हुलाक कार्यालयको उद्घाटन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको देवाही गोनाही नगरपालिकामा हुलाक कार्यालयको उद्घाटन गरेको छ ।

देवाही गोनाही मेयर भिखारी प्रेमलाल साह र उपमेयर परनिया देवि पटेल दुबै जनाले सोमवार एक कार्यक्रमका बीच हुलाक कार्यालयको संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

गोनाही स्थित नवनिर्मित भवनमा स्थापना भएको हुलाक हुलाक कार्यालय स्थापना गरिएको जिल्ला हुलाक कार्यालय गौरका प्रमुख यादवले बताए ।

एक पालिका एक हुलाक कार्यालय स्थापना गर्ने उद्देश्य अन्तर्गत अहिलेसम्म हुलाक कार्यालय नरहेको देवाहीमा हुलाक कार्यालय स्थापना गरिएको र यसले अब पालिकाबासीलाई हुलाक सम्बन्धी सेवा लिन सहज हुने विश्वास लिइएको उनले बताए ।

जिल्लाको सबै पालिकामा




कार्यालयको उद्घाटन गरिएको छ ।

मेयर साहले उद्घाटन गरेसंगै सो कार्यालय सोमवारदेखी नै सञ्चालनमा आएको जिल्ला हुलाक कार्यालय गौरका कार्यालय प्रमुख एवं हुलाक अधिकृत देवनाथ यादवले जानकारी दिएका छन् ।

स्थानीय तहबाट नै शीघ्र तथा विश्वस्नीय रुपमा चिठ्ठीपत्रहरु सम्न्धित व्यक्ति समक्ष पुरयाउने, हुलाक टिकट प्रकाशन गर्ने लगाएत हुलाक सम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने उद्देश्यले देवाही गोनाहीमा पनी हुलाक कार्यालय सञ्चालन गर्ने लक्ष्य अनुसार अहिलेसम्म जिल्लामा रहेको १८ स्थानीय तहमध्ये १४ वटा स्थानीय तहमा कार्यालय स्थापना भइसकेको र अब चारवटा पालिकामा मात्र कार्यालय स्थापना गर्न बाँकी रहेको हुलाक अधिकृत यादवले बताए ।

हुलाक कार्यालय सञ्चालन हुन बाँकी रहेको इशनाथ,बौधीमाई, वृन्दावन र परोहा नगरपालिकामा पनि चाडै हुलाक कार्यालय सञ्चालन गरिने उनले बताए ।

# आजपा सर्लाहीको अध्यक्षमा डा. साह



**टुडे समाचारदाता**

मलंगवा । आम जनता पार्टी (आजपा) को सम्पन्न दोस्रो जिल्ला भेलाले डा.नवलकिशोर साहको अध्यक्षतामा ७५ सदस्यीय जिल्ला कमिटी सर्वसम्मत चयन गरिएको छ ।

उपाध्यक्षमा सुनिल गुप्ता, प्रमोदकुमार साह, अधिवक्ता दिलीप कर्ण, कोशिला देवी साह, सचिवमा डा.शैलेन्द्र यादव, सहसचिवमा जलन्धर साह, शशि अधिकारी, अधिवक्ता कौशल किशोर साह र कोषाध्यक्षमा विवेक यादव सर्वसम्मत चयन गरिएको छ ।

आजपाका उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहका अनुसार सदस्यहरूमा देवनारायण चौधरी, सरोज महतो, हरेश साह, जयनाथ साह, मुकेश गुप्ता, राजेश साह, राजिव चौधरी, हासिम हुसैन, लालबाबू साह, राकेश साह, रंजिता चौधरी, दिपेश्वर रौनियार, रामलोचन दास, विकेश महतो, निरुदेवी राउत, लक्ष्मीनिया देवी, रमाशंकर साह, बजरंगी साह, मिथलेश महतो, दिनेश गोसाई, रुपेश साह, बिजय साह, राज यादव, नागेन्द्र महतो, राधेश्याम साह, नसरुदिन मंसरी, श्रीराम साह, सुजय यादव, चन्द्रिका चौधरी, महेन्द्र चौधरी, भोला चौधरी, राम महरा रहेका छन् ।

त्यस्तै कृष्णनन्दन साह, प्रमोद चौधरी, प्रमोद साह, सुनिता साह, धर्मनाथ ठाकुर, रामबाबू साह, विक्रम पासवान, मोहनलाल साह, लक्ष्मण साह, कृष्ण दमन, उमेश चोधरी, भोजे लामा, संजीव गुप्ता, कृष्ण दमन, चंचला कुमारी कुशवाहा, राजेश साह, सुरेश सिंह, मोहन साह, रक्की साह, राजेन्द्र कार्की, सीताराम साह, अजय मुखिया, कमल साह, राजकुमार पासवान, धर्मेन्द्र साह, सुनिल यादव, पञ्चे लामा, बिजय लामा, दिपक गुप्ता, मदन लामा, अजय चौधरी, रिना कुमारी लगायतका पनि सदस्य रहेका छन् । दोस्रो जिल्ला भेलाको उद्घाटन सर्लाहीको मलंगवामा आजपाका अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले उदघाट गरेका थिए । भेलाको उद्घाटन गर्दै अध्यक्ष साहले दलाल दलतन्त्रको विरुद्धमा र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि तेस्रो आन्दोलन हुने भन्दै त्यसको तयारीमा जुटन आह्वान गरे । लुटकारी दलाल दलतन्त्रले मुलुक समृद्ध हुन नसक्ने बताउँदै उनले भ्रष्ट नेताहरुबाट परिवर्तन नहुने बताए ।

आजपा नेता डा. नवलकिशोर साहको अध्यक्षतामा सम्पन्न भेलामा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष रिता साह, महासचिव त्रिभुवन साह, उपमहासचिव चन्द्रभूषण साह सचिव उमेश कुशवाहा, स्थायी कमिटीका सदस्यहरु रबिन्द्र सिंह, सुनिता साह लगायतका नेताहरुको विशेष सहभागिता रहेको थियो ।

# २९ औं लवकुश वार्षिकोत्सब सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरमा २९ औं लवकुश वार्षिकोत्सब सोमबार सम्पन्न भएको छ । लवकुश बिकास प्रतिष्ठानको आयोजना तथा नेपाल कुशवाहा कल्याण समाज चित्रपुरको समन्वय आयोजित सहयोग गर्ने बताए । उनले यस क्षेत्रको शिक्षा, स्वास्थ्यमा लगानी गर्नुपर्नेमा जोड दिएका छन् ।



प्रतिष्ठानका अध्यक्ष नथुनि महतो कुशवाहाको अध्यक्षतामा आयोजित कार्यक्रममा नवनिर्मित लवकुश मन्दिरमा शंखमर्मरको लवकुश भगवानको प्रतिमा स्थापना गरिएको छ । प्रदेशसभा सदस्य हरिनारायण महतोले देशको हरेक परिवर्तनमा कुशवाहा समुदायको योगदान रहेको बताए । जनताको रगत पसिनाको प्रतिफल देशमा आमुल परिवर्तन भएर गाउँ गाउँमा कालोपत्रे सडक, जनताको छोराछोरी देशको उच्च ओहदामा आसिन भएको बताए । कार्यक्रममा पुर्वमन्त्री शत्रुधन महतोले कुशवाहा समुदायलाइ कृषिकार्यसगै शिक्षामा लगानी गर्न जोड दिएका थिए । शिक्षामा लगानी गर्दा हाम्रो हरेक क्षेत्र बलियो हुने बिश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा बिशिष्ट अतिथिको रुपमा नेकपा समाजवादीका नेता पुर्वमन्त्री शत्रुधन महतो, प्रदेशसभा सदस्य हरिनारायण महतो, पुर्वप्रधान वौएलाल महतो, रामचन्द्र महतो, कपलेश्वर महतो, बटेश्वर गापा वडा नम्बर १ का अध्यक्ष अशोक कुमार महतोलगायत सयौं जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अवसरमा बिहान लवकुश मन्दिरमा कलश स्थापनार्थ कलशयात्रा गरिएको थियो । कार्यक्रममा प्रोफेसर राजेन्द्र प्रसाद सिंह, पुर्व शिक्षक रामखेलावन महतोलगायतले आफ्नो विचार राख्दै कुशवाहा समुदायको पुर्वज लवकुशलाइ भगवानको रूपमा मन्दिर निर्माण गरि पुजापाठ गर्दै आएको बताए । सोमबारदेखि ३ दिवसीय सास्कृतिक कार्यक्रमसहित मेलाको आयोजना गरिएको स्थानीय समाजसेवी नेता रामउदगार महतोले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८